का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ असोज २०८१,
शुक्रबार
4 October, 2024
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक २३४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# विद्युत व्यापारमा अर्को ऐतिहासिक सम्झौता

भूपरिवेष्ठित मुलुक नेपालले तेस्रो देश बंगालादेशमा विद्युत बेच्ने गरी सम्झौता हुनुलाई आर्थिक, राजनीतिक र कूटनीतिकरुपमा समेत महत्वपूर्ण उपलब्धिको रुपमा लिइएको छ । भारतको प्रसारण लाइनमार्फत विद्युत लगिने भएकाले पनि यो नेपाल, भारत र बंगालादेशको सम्बन्धमा महत्वपूर्ण कडीका रुपमा रहनेछ ।





**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १७ असोज ।

नेपालबाट बंगलादेशमा ४० मेगावाटको विद्युत निर्यात गर्ने सम्झौता भएको छ ।

लामो समयदेखि विद्युत निर्यातको लागि छलफलपछि भारतको प्रसारण लाईन मार्फत ४० मेगावाट विद्युत निर्यातको लागि त्रिपक्षीय सम्झौता भएको हो । २०७९ भदौमा नेपाल-बंगलादेश सचिवस्तरीय बैठकले नेपालबाट विद्युत लैजाने सहमति भएको थियो । सहमती भएको चारवर्षपछि नेपाल, भारत र बंगलादेशबिच त्रिपक्षीय सम्झौता भएको हो ।

भूपरिवेष्ठित मुलुक नेपालले तेस्रो देश बंगलादेशमा विद्युत बेच्ने गरी सम्झौता हुनुलाई आर्थिक, राजनीतिक र कुटनीतिक रुपमा समेत महत्वपूर्ण उपलब्धीको रुपमा लिइएको छ । भारतको प्रसारण लाईनमार्फत विद्युत लगिने भएकाले पनि यो नेपाल, भारत र बंगलादेशको सम्बन्धमा महत्वपूर्ण कडीका रुपमा रहनेछ ।

उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्का नेपाल-बंगलादेश र भारतबीचको त्रिपक्षीय उर्जा सम्झौता नेपालको उर्जा क्षेत्रका लागि कोशेढुंगा सावित भएको बताउँछन् । नेपालले इतिहासमै पहिलोपटक जलविद्युतउर्जा तेस्रो मुलुकमा निर्यात गर्ने भएकाले उर्जा क्षेत्रमा ऐतिहासिक कदम भएको उनले बताए । उर्जामन्त्री खड्काले नेपाल र बंगलादेशबीचको पृष्ठ २ मा



इतिहासमै पहिलोपटक जलविद्युत उर्जा तेस्रो मुलुकमा निर्यात गर्ने भएकाले यो उर्जा क्षेत्रमा ऐतिहासिक कदम हो ।

**दीपक खड्का**
जलस्रोत तथा सिँचाइमन्त्री, नेपाल



त्रिपक्षीय उर्जा सम्झौता दक्षिण एसियाली विद्युत सहकार्यमा ऐतिहासिक कदम हो । बंगलादेश जनतालाई स्वच्छ र सुरक्षित ऊर्जा उपलब्ध गराउन प्रतिबद्ध छ । त्यसका लागि यो महत्वपूर्ण छ ।

**सैयदा रिजवाना हसन**
जलस्रोतमन्त्री, बंगलादेश



सम्झौताले नेपाल र बंगलादेशबीच विद्युत व्यापारको बाटो खुल्यो । अब यहि महिनाभित्र बंगलादेशमा नेपालको विद्युत पुग्नेछ ।

**कुलमान घिसिङ**
कार्यकारी निर्देशक
नेपाल विद्युत प्राधिकण

# क्षतिग्रस्त सडक र पुल बनाउन २५ अर्ब बढी लाग्ने

असोज ११ र १२ गतेको अविरल वर्षाले क्षतिग्रस्त सडक र पुल बनाउन २५ अर्ब बढी लाग्ने अनुमान गरिएको हो ।



गत हप्ताको भीषण वर्षाका कारण ३४ वटा राजमार्गहरुका आठ सय पाँच स्थानमा पहिरो गएको थियो भने ति क्षेत्रमा सडक अवरुद्ध भएको थियो । त्यसमध्ये सात सय ७४ स्थानको पहिरो हटाउने काम सकिएको छ ।

**केशवकुमार शर्मा**
सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं १७, असोज ।

सरकार क्षतिग्रस्त सडक र पुलको अवस्थाको अनुगमनमा लागेको छ । अनुगमनका क्रममा असोज ११ र १२ गतेको अविरल वर्षाले क्षतिग्रस्त सडक र पुल बनाउन २५ अर्ब बढी लाग्ने देखिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।

मुलुकका विभिन्न स्थानमा गएको बाढीपहिरोका कारण भत्किएका सडक तथा पुलको स्थायी मर्मत गर्न २५ अर्ब बढी लागत लाग्ने अनुमान गरिएको मन्त्रालयका अधिकारीहरूले जानकारी दिए ।

मन्त्रालयले क्षतिग्रस्त सडक निरीक्षणपछि संरचनाहरुको स्थायी रुपमा सुधार गर्न आवश्यक बजेटको अनुमान गरेको हो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल बाढीपहिरोमा परी अलपत्र परेका यात्रु एवम् यातायात मजदुरलाई यथाशीघ्र उद्धार एवम् राहत उपलब्ध गराउन गृहमन्त्रालयलाई अनुरोधसहित पत्राचार भएको बताउँछन् ।

विषम परिस्थितिका कारण उत्पन्न हुनसक्ने दुर्घटना एवम् जोखिम कम गर्न अतिआवश्यक काम बाहेक यात्रा नगर्न र गर्नै परे सावधानी र सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

असोज १२ गतेबाट अग्रिम टिकक बुकिङ गरेर यात्रुहरुलाई सुरक्षित ढंगले प्राथमिकता दिई यात्रुहरुलाई गन्तव्य स्थलमा पुऱ्याउन यातायात व्यवसायी, नेपाल प्रहरी र नयाँ बसपार्क व्यवस्थापनसँग समन्वय गरिएको छ ।

काठमाडौँबाट छुट्ने यात्रुबाहक बसलाई उज्यालो छँदै गन्तव्यमा पुग्ने गरी समन्वय गरिएको छ ।

मन्त्रालयका अनुसार क्षतिको विस्तृत विवरण संकलन जारी छ । प्रारम्भिकअनुमान अनुसार सडक तथा पुलतर्फ अस्थायी यातायात चालु गर्न मात्र तीन अर्ब लाग्ने देखिएको छ ।

मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार गत हप्ताको भीषण वर्षाका कारण ३४ वटा राजमार्गहरुका आठ सय पाँच स्थानमा पहिरो गएको छ भने ति क्षेत्रमा सडक अवरुद्ध भएको छ । त्यसमध्ये सात सय ७४ स्थानको पहिरो हटाउने काम सकिएको छ ।

उनी भन्छन्, 'गत हप्ताको भीषण वर्षाका कारण ३४ वटा राजमार्गहरुका आठ सय पाँच स्थानमा पहिरो गएको थियो भने ति क्षेत्रमा सडक अवरुद्ध भएको थियो । त्यसमध्ये सात सय ७४ स्थानको पहिरो हटाउने काम सकिएको छ ।' पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मेक्सिकोमा आप्रवासी सावार गाडीमा गोली चलाइँदा ६ जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज

नेपालीहरू समेत रहेको आप्रवासीहरूको एक समूहमाथि मेक्सिकोको दक्षिणी भागमा सेनाले गोली चलाएको छ । बीबीसीका अनुसार यात्रा गरिरहेका ३३ जनाको समूह बोकेको एउटा गाडीमा मेक्सिकोको सेनाले गोली चलाउँदा ६ जना आप्रवासीको मृत्यु भएको छ ।

मेक्सिकोको रक्षा मन्त्रालयले मंगलबार साँझ ग्वाटेमालासँगको सीमाबाट करिब २५ माइल (४० किलोमिटर) उत्तरमा भएको घटनामा थप १० जना आप्रवासी घाइते भएको बताएको छ । मन्त्रालयले सैन्य गस्तीले तीव्र गतिमा यात्रा गरिरहेको आप्रवासीहरूको पिक-अप गाडीलाई रोक्ने प्रयासमा गोली चलाएको बताएको छ । अमेरिकाको सीमामा पुग्ने आप्रवासीहरूको संख्यालाई रोक्न मेक्सिकोले अत्यन्तै कडाइसाथ गस्ती गर्ने गरेको छ ।

मेक्सिकोको रक्षा मन्त्रालयको विज्ञप्तिअनुसार उक्त समूहमा नेपालीसहित इजिप्ट, क्युबा, भारत र पाकिस्तानबाट अमेरिका प्रवेशका लागि गएका आप्रवासी रहेका थिए । मृत्यु हुनेहरूको राष्ट्रियता खुलाइएको छैन । चार जनाको घटनास्थलमै मृत्यु भएको थियो भने १२ जना घाइतेमध्ये दुई जनाको अस्पतालमा मृत्यु भएको थियो । बाँकी १७ यात्रुलाई अध्यागमन अधिकारीलाई बुझाइएको बताइएको छ । पृष्ठ २ मा

## कतारमा परराष्ट्रमन्त्रीलाई बुझाइयो श्रमिकका समस्याको ज्ञापनपत्र



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १७ असोज

परराष्ट्र मन्त्री आरजु राणा देउवा 'एसिया कोअपरेसन डायलग'को तेस्रो सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी सहभागी हुन कतार आइपुगेकी छिन् । बुधबार उनले उक्त डायलगमा आफ्ना धारणा राखेर नेपाली दूतावास एन खालिद पुगिन् । मन्त्री आउने जानकारीसँगै पृष्ठ २ मा

## साउदीमा अलपत्र ३० कामदार नेपाल फिर्ता

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, १७ असोज

गैरआवसीय नेपाली संघ (एनआरएनए) क्षेत्रीय समन्वय समिति अल कासिम, साउदी अरबले समस्यामा परेका ३० जना नेपाली श्रमिकलाई एक्जिट भिसा दिलाएर नेपाल फिर्ता पठाउन सफल भएको छ । वैदेशिक रोजगारीको सिलसिलामा दुई वर्षअघि सगरमाथा म्यानपावर, यात्रा, ओम ओभरसिज र प्रतिज्ञा कन्सल्टेन्सीमार्फत साउदी आएका ६० जनामध्ये ३० जना श्रमिकलाई सफलतापूर्वक फिर्ता पठाइएको एनआरएनए अल कसिमले जनाएको छ । पृष्ठ २ मा

## राप्रपामा विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर

# मिश्रलाई महत्वपूर्ण जिम्मेवारी


राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई राजनीतिक विभागको प्रमुखको महत्वपूर्ण जिम्मेवारी दिँदै पार्टीका विभाग प्रमुखहरुको जिम्मेवारी हेरफेर गरेका हुन् ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १७ असोज ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा संगठनका विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर भएको छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई राजनीतिक विभागको प्रमुखको महत्वपूर्ण जिम्मेवारी दिँदै पार्टीका विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर गरेका हुन् ।

राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार बिहीबार अध्यक्ष लिङ्देनले राप्रपा संगठनका विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर गरेका हुन् ।

'संगठन विभागको प्रमुखमा वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामाङ, स्थानीय तह



परिचालन विभागको प्रमुखमा वरिष्ठ नेता उपाध्यक्ष ध्रुवबहादुर प्रधान, राजनीतिक विभागको प्रमुखमा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र तोकिएको छ' श्रेष्ठले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

यस्तै, पर्यटन विभागको प्रमुखमा सहायक महामन्त्री बिजय खड्का, विपद व्यवस्थापन विभागको प्रमुखमा केन्द्रीय सदस्य उद्धव थापा, सूचना प्रविधि विभाग(आइटी) को प्रमुखमा केन्द्रीय सदस्य उद्धबराज भेटुवाल र लेखा समितिको प्रमुखमा केन्द्रीय सदस्य केदार न्यौपाने तोकिएको छ ।

नेताहरूका अनुसार मिश्रलाई राजनीतिक विभागको प्रमुखको महत्वपूर्ण जिम्मेवारी दिन विभाग प्रमुखहरूको जिम्मेवारी हेरफेर गरिएको हो ।

राजनीतिमा आउनु अगाडि मिश्र लेखक र पत्रकार थिए । बिबिसी नेपाली सेवाको जागिर छाडेर उनी राजनीतिमा आएका थिए ।

बिबिसी नेपाली सेवाको जागिर छाडेर साझा पार्टी स्थापना गरेर राजनीतिमा आएपछि उनले आफ्नो राजनीतिक विचार र स्पेसलाई वैकल्पिक राजनीति भनेर ब्याख्या गरेका थिए । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१८ असोज २०८१, शुक्रबार
4 October 2024, Friday

# पशुपति धर्मशाला २१ वर्षपछि मारवाडी समितिबाट मुक्त

**काठमाडौं/मस-** पशुपति गौशाला धर्मशाला २१ वर्षपछि मारवाडी समितिबाट फिर्ता भएको छ ।

२०६० सालमा तत्कालीन पशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकास कोष) र मारवाडी सेवा समितिबीच भएको सम्झौता काठमाडौं जिल्ला अदालतले खारेज गरिदिएपछि पशुपतिनाथको धर्मशाला मारवाडी समितिबाट फिर्ता भएको हो ।

सम्झौता खारेज भएपछि काठमाडौंको गौशालास्थित कित्ता नं. ८३ को ४ रोपनी १५ आना २ पैसा र सोही स्थानको कित्ता नं. ८५ को ४ रोपनी १० आना जग्गा पशुपति क्षेत्र विकास कोषमा फिर्ता भएको हो ।

पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले २०८० साउन १७ गते मारवाडी सेवा समितिसँग भएको नौ बुँदे सम्झौता खारेज गर्ने निर्णय गरेपछि समितिले दायर गरेको मुद्दामा अदालतले दाबी नपुग्ने फैसला गरेको हो ।

समितिले 'करार रद्ध गर्ने निर्णय बदर गरी यथावत् पुनर्बहाली गरिपाऊँ' भनी जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । यससँगै कोष र समितिबीच भएको नौ बुँदे सम्झौता रद्द गर्ने निर्णय सदर भएको छ ।



वर्षको ५१ हजार रुपैयाँ मात्रै तिरेर व्यापारिक लाभका लागि भगवान श्री पशुपतिनाथको सम्पत्ति पशुपति गौशाला धर्मशाला प्रयोग भएको थियो । कौडीको भाउमा कब्जामा रहेको पशुपतिनाथको सम्पत्ति फिर्ता गर्नुपर्ने आवाजहरू उठ्न थालेपछि पशुपति क्षेत्र विकास कोषले सम्झौता रद्दको प्रक्रिया अगाडि बढाएको थियो ।

सम्झौता-पत्रमा सेवा समितिले वार्षिक ५१ हजार रुपियाँ तिर्ने, रकम दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने र श्रीपशुपतिनाथमा पर्व पर्वमा छाडिएका साँढेहरूलाई परम्परा अनुसार संरक्षण गर्न सेवा समितिले सहयोग गर्ने उल्लेख छ । तर समितिले होटल, लज, रेस्टुरेन्ट, डायलासिस सेन्टर सञ्चालन गरिरहेको छ ।

समितिले व्यावसायिक प्रयोजनकै लागि दूध उत्पादन गर्न जर्सी गाई पालेर दूध बेच्ने गरेको छ । गौशाला धर्मशालामा तला थपेर लज विस्तार गरेको सेवा समितिले १९ वटै सटर मासिक ३५ हजार रुपैयाँसम्म लिएर भाडामा लगाएको छ ।

सम्झौता पत्रमा तत्कालीन अमालकोट कचहरीका तर्फबाट द्वारे कृष्णलाल वैद्य र सेवा समितिका तर्फबाट महासचिव शिव भगवान् अग्रवालले हस्ताक्षर गरेका थिए । सम्झौता हुँदा कोषका सदस्य सचिव वसन्त चौधरी थिए ।

'सहयोग' शीर्षकमा समितिले बार्षिक ५१ हजार बुझाउने र समयानुकूल सम्झौता नवीकरण गर्ने भनिएको थियो । तर सेवा समितिले पशुपतिनाथ मन्दिरको जग्गामा मोहियानी हक भएको दाबी गर्दै सम्झौता नवीकरण गर्न वा धर्मशाला छोड्न अस्वीकार गरेपछि सञ्चालक परिषद्ले सम्झौता खारेजीको निर्णय लिएको थियो ।

आफ्नो स्वामित्वमा आएपछि पशुपति गौशाला धर्मशाला पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने तीर्थयात्रीका लागि र नन्दीहरूको व्यवस्थापन गर्नका लागि प्रयोग हुने बताइएको छ ।

## बाढी प्रभावितलाई राहत उपलब्ध गराउने निर्णय

**सत्येन्द्र प्रताप सिंह /मध्यान्ह**
रौतहट, १७ असोज



रौतहट विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ । बाढीबाट प्रभावितहरूको उद्धार, क्षति तथा राहतबारे तथा बाँधलाई मर्मत तथा ठोस रुपमा निर्माण र स्तरोन्नति गर्ने लगायतका विषयहरूमा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको अध्यक्षता बैठक बसेको थियो ।

बैठकबाट बागमति, बकैया नदी नियन्त्रण आयोजनाको कार्यालय परवानिपुरमा रहेकोले तत्काल यी दुवै नदीले दुःख दिइरहेकाले रौतहटको गौरमा सार्न पहल गर्ने निर्णय भएको छ । यस्तै बागमति बकैया दुबै नदीको रेड लेबलमाथि आएकोले गहिरो गर्न र दुबैतिर बाँधको उचाइ बढाइ स्थायी समाधान गर्न जिल्लाको ४ वटै संघीय सांसद, ८ वटै प्रदेश सांसद र १८ वटै मेयरहरू र राजनीतिक दल, नागरिक समाज, पत्रकार समेतको उपस्थितिमा छलफल गरी कार्य अघि बढाउने निर्णय भएको छ । यस्तै बागमति बकैयाका बाँधहरूको अस्थायी मर्मत तत्काल शुरू गर्ने,किसानहरूको बाली नाली,माछा पोखरी,ब्यापार व्यवसायको क्षति विवरण ३ दिनभित्र तयार गरी पेस गर्ने लगायतका महत्वपूर्ण निर्णयहरू गरिएको छ ।

बैठकमा जिल्लाको तीनवटा सुरक्षा निकायका प्रमुख,१८ वटा पालिकाका नगरप्रमुख, प्रशासकीय अधिकृत लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

## साउदीमा कार्यरत सेफ थापा 'एनएल इन्टरनेशनल हस्पिटालिटी अवार्ड २०२४' बाट सम्मानित

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी, १७ असोज




साउदी अरबमा कार्यरत सरोज थापालाई 'एनएल इन्टरनेशनल हस्पिटालिटी अवार्ड २०२४' बाट सम्मानित गरिएको छ ।

युएईको दुबईको हिल्टन होटलमा आयोजित भव्य कार्यक्रममा सेफ थापालाई उक्त अवार्ड प्रदान गरिएको हो । थापा साउदी अरबस्थित ५ तारे होटेल केम्पिन्स्की होटलका कार्यकारी पेस्ट्री सेफ हुन् । नेपाली पाककला विश्वमञ्चमा पुऱ्याउन गरेको विशिष्ट योगदानका लागि यो प्रतिष्ठित अवार्ड प्राप्त गरेका हुन् ।

न्यूजलाइन मिडियाले आतिथ्य क्षेत्रमा उनको योगदानको कदर गर्दै यो सम्मान प्रदान गरेको हो । थापा 'वर्ल्ड सेफ एसोसिएसन' को निर्णायक मण्डलमा बसेर अन्तर्राष्ट्रिय स्तरमा आफ्नो ज्ञान र अनुभव पुऱ्याउँदै आएका छन् । नेपाली परम्परागत खानाको प्रवर्द्धन र अनुसन्धानमा उनको समर्पणले नेपालको पाककला क्षेत्रमा महत्वपूर्ण पहिचान दिलाएको छ ।

यो सम्मान विजया दशमीको अवसर पारेर आयोजना गरिएको सांस्कृतिक अन्तरक्रियामा प्रदान गरिएको थियो । जसमा नेपाली परम्परा र चाडपर्वको संरक्षणमा केन्द्रित कार्यक्रम पनि समावेश गरिएको थियो । सरोज थापाको यस सम्मानले नेपाली पाककला र संस्कृतिलाई विश्वसामु चिनाउन गरेको उल्लेखनीय योगदानलाई पुनः प्रमाणित गरेको छ ।

## गढीमाईमा निकालियो शोभायात्रा

**राहुल गुप्ता/मध्यान्ह**
बारा, १७ असोज



बारास्थित गढीमाई पञ्चवर्षीय मेलाका लागि शोभा यात्रा शुरु भएको छ । आगामी मंसिरमा लाग्ने गढीमाई पञ्चवर्षीय मेलाका लागि बिहीबारदेखि भव्य शोभा यात्रा निकालिएको हो ।

हात्ती, घोडा, उटँ, झाँकी, दुलदुल घोडा, बाजागाजासहित विभिन्न देवी देवतामा सजिएका देवहरुसहित शोभा यात्रा निकालिएको मेला सञ्चालन तथा व्यवस्थापन मुल समितिले जनाएको छ ।

शोभा यात्रामा ५० हजार भक्तजनहरुको सहभागीता रहेको समितिका अध्यक्ष एवम् महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादवले जानकारी दिए ।

उनका अनुसार मन्दिर परिसरबाट निस्किएको शोभा यात्राले कलैया उपमहानगरपालिका लगायत १३ गाउँको २० किलोमिटर परिक्रमा गर्नेछ ।

शोभा यात्रा बरियारपुर गाउँ हुँदै इनर्वा चोक, तेलकुवा चोकदेखि नहर हुँदै बसतपुर चोक, मटिअर्वादेखि शितलपुर-बिशमरपुर, कलैया भरत चोकदेखि गुप्ता पेट्रोल पम्पदेखि अन्सारी पेट्रोल पम्प, अदालत रोड, रामपुर-बिजुलपुरदेखि गञ्जभवानीपुर-दहियार हुँदै पुनः मन्दिरमा पुगेर समापन भएको मेला आयोजक समितिले जनाएको छ ।

### विद्युत...

सम्बन्धलाई उर्जा व्यापार सम्बन्धले जनस्तरमा नै थप सुदृढ एवम् प्रगाढ बनाउन मदत पुग्ने बताए । उर्जामन्त्री खड्काले छिमेकी देशका सार्वजनिक र निजी क्षेत्रलाई नेपालको जलविद्युत आयोजनामा लगानी गर्नसमेत आग्रह समेत गरे ।

उनले बंगलादेश, भुटान, भारत र नेपालमा ग्रिड पूर्वाधार एकीकृत गर्नाले नेपालमा जलविद्युत विकासलाई गति दिन सकिने बताए । मन्त्री खड्काले त्रिपक्षीय सम्झौताले फराकिलो बहुपक्षीय उर्जा साझेदारीको र भारतको साथले नेपालले क्षेत्रीय उर्जा व्यापारको नयाँ युगको सुरुवात गरेको बताए ।

बंगलादेशको वन, वातावरण, जलवायु परिवर्तन तथा जलस्रोतमन्त्री सैयदा रिजवाना हसनले सम्झौता दक्षिण एसियाली विद्युत सहकार्यमा ऐतिहासिक कदम भएको बताइन्। 'बंगलादेश जनतालाई स्वच्छ र सुरक्षित ऊर्जा उपलब्ध गराउन प्रतिबद्ध छ । त्यसका लागि यो महत्वपूर्ण कदम हो' उनले भनिन् ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दक्षिण एसियाली उपक्षेत्रीय विद्युत् साझेदारीका लागि भारत प्रतिबद्ध रहेको बताए । उनले नेपालले भरतमा विद्युत् निर्यात गर्न थालेदेखि अहिलेसम्म निकै ठूलो उपलब्धि हासिल गरेको बताए ।

मुजफ्फरपुरदेखि भारतको प्रसारण लाइनमार्फत (बेहरामपुर-भेडामारा चार सय केभी) बिजुली बंगलादेश पुग्नेछ । प्राधिकरणले २५ मेगावाट क्षमताको त्रिशूली र २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजनाको बिजुली बंगलादेश निर्यात हुनेछ ।

नेपाल विद्युत प्राधिकणका कार्यकारी निर्देशक कुलमान घिसिङले सम्झौताले दुई देशबिचको बिद्युत व्यापारको बाटो खुलेको बताए । उनले भने 'लामो प्रयासपछि त्रिपक्षीय सम्झौता भएको छ अब यही असोज महिना भित्र बंगलादेशमा नेपालको विद्युत पुग्नेछ ।'

प्राधिकरणले पाँच वर्षसम्म वर्षायामका छ महिना ४० मेगावाट बिजुली बंगलादेशमा बिक्रि गर्नेछ । सम्झौता अनुसार प्रतियुनिट आठ रुपैयाँ १७ टाका (नौ रुपैयाँ ३० पैसा) मा प्राधिकरणले बिजुली बिक्री गर्नेछ । बंलादेशले आगामी १५ वर्ष भित्र (सन् २०४० सम्म) नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने घोषणा गरेको थियो ।

भारतमा ९ सय ४१ मेगावाट बिजुली बिक्रीको अनुमति छ भने यसमा १० प्रतिशतसम्म बढी बिजुली बिक्री गर्ने सकिन्छ । यसरी नेपालले भारतलाई एक हजार मेगावाट विद्युत बिक्रि सक्छ । प्राधिकरणले गत आर्थिक वर्षमा भारतमा १७ अर्बको सात करोडको बिजुली बेचेको थियो ।

नेपाल र भारतबीच पनि १० वर्षमा १० हजार बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता भइसकेको छ । यसरी नेपालले १० वर्षमा २८ हजार विद्युत उत्पादन गर्ने लक्ष्य दिएसंगै विद्युत व्यापारको बजार समेत तय भएको छ ।

### क्षतिग्रस्त...

२९ वटा राजमार्गमा विभागीय तथा भाडाका यन्त्र उपकरण र जनशक्ति प्रयोग गरी यातायत सञ्चालन गरिसकिएको छ । अझैसम्म पाँच वटा मुख्य राजमार्गका ३१ स्थानमा अवरुद्ध भएको यातायात सञ्चालन गर्न प्रयास जारी छ । यसका लागि कतिपय स्थानमा पहिरो हटाउनुका अतिरिक्त कटिङ फिलिङ टेवा पर्खालका साथै ह्युम् पाइप र अस्थायी प्रकृतिको बेलिब्रिज समेत राखी यातायात सञ्चालन गर्नुपर्ने अवस्था छ ।

यही असोज ११ र १२ गते आएको अबिरल वर्षाका कारण देशको विभिन्न भागका नदीहरुमा भीषण बाढी आउनुका साथै विभिन्न स्थानमा पहिरो जाँदा ठूलो जनधनको ठूलो क्षति भएको थियो ।

अरनिको राजमार्गमा लार्चा-कोदारीको पाँच किलोमिटरमा मर्मत सकिएको छैन भने लिपिङ् पुल र लार्चाको बेलिब्रीज बगाएका कारण यातायात अवरुद्ध भएको छ । बिपी राजमार्ग चौकीडाँडा-कालढुङ्गा १८ किमिमध्ये करिव १२ किमि सडक पूर्णरुपमा बगेका कारण केही स्थानमा सवारी साधनहरु रोकिएको छ ।

### मेक्सिकोमा...

मेक्सिकन रक्षा मन्त्रालयले शून्य दण्डहीनताको नीतिअन्तर्गत कडाइ गरिएको बताएको छ । तर प्रत्येक वर्ष नेपालीसहित हजारौं आप्रवासीहरू मेक्सिको हुँदै बस, लरीहरू र मालवाहक रेलहरूमार्फत अमेरिका-मेक्सिकन सीमामा पुग्ने गरेका छन् । उक्त प्रयासमा लाखौं रकम मानव तस्करहरूलाई बुझाउने गरेको कतिपयले बीच बाटोमा ज्यान गुमाउने गरेका उनीहरू घातक दुर्घटनाहरू, आपराधिक समूहहरूद्वारा अपहरण र भ्रष्ट अधिकारीहरूद्वारा जबर जस्ती फिरौतीको जोखिममा रहेको बीबीसीले बताएको छ ।

२०२१ को डिसेम्बरमा मेक्सिकोको चियापामा तस्कर हरूको लरी पल्टिँदा ५६ जना आप्रवासीहरूको मृत्यु भएको थियो । तर चियापास क्षेत्रमा अमेरिका प्रवेश गर्न चाहने अवैध आप्रवासीको संख्यामा कमी आउन नसकेको बताइएको छ । अवैध बाटो हुँदै अमेरिका प्रवेश गर्नेहरूले मेक्सिको-ग्वाटेमाला सीमा क्षेत्रको दक्षिण चियापाको रुट प्रयोग गर्दै आउने गरेका छन् ।

### कतारमा...

कतारमा रहेको नेपाली कांग्रेसको वैदेशिक शाखा अन्तर्गतको भातृसंगठन नेपाली जनसम्पर्क समिति र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारले विशेष कार्यक्रमको आयोजना गर्ने तयारीमा थिए ।

नेपालमा आएको बाढी, पहिरो लगायतका कारण देश राष्ट्रिय शोकमा रहेको कारण देखाउँदै पूर्व निर्धारित सबै कार्यक्रमहरू रद्द गरिएको छ । विगत डेढ महिना यता एनसीसी कतारले कतारका विभिन्न संघसंस्थासँग छलफल तथा नेपाली नियोगमा एक कार्यक्रमकाबीच केही दिन पहिले बुझाएको पासपोर्टको स्लट लगायतका समस्या समेटेर तयार पारेको ज्ञापन पत्र मन्त्रीलाई हस्तान्तरण गर्ने कार्यक्रमलाई नेपाली दूतावासको हलमा सारिएको थियो ।

ज्ञापन पत्र बुझाउने क्रममा दूतावास पुगेका अर्का एक नेता चानक पोखरेलले समेत श्रमिकका मुद्दा पढेर र व्याख्यासहित बुझाउन आवश्यक रहेको हुँदा पर्याप्त समय मिलाउन दूतावास समक्ष माग गरे पनि का.वा राजदूत कुमार राईले नसुनेको बताए ।

नेपाली श्रमिकका समस्याको चाङ समेटिएको ज्ञापन पत्र बोकेर दूतावास पुगेका एनसीसी कतारका अध्यक्ष रमेश भट्टसहितलाई नेपाली दूतावासले पर्याप्त समय नदिएको गुनासो भट्टले गरे । उनले हामीलाई ५ मिनेट मात्र समय लिनुहोस् समय अभाव छ भनेर समय दिइएन, तर दूतावासभित्र जनसम्पर्क समितिलाई डेढ घण्टा समय दिएकोप्रति भट्टले रोष व्यक्त गरे । मध्यान्हसँग कुरा गर्दै भट्टले भने,'हामीले दैनिक श्रमिकसँग जोडिएर काम गर्ने गरेका छौं, तर समय श्रमिकका लागि र श्रमिकका मुद्दामा किन छैन ।' आफूले बुझ्न नसकेको बताउँदै उनले असन्तुष्टि जाहेर गरे । भट्टका असन्तुष्टिका सवाललाई मध्यान्हकर्मीले नेपाली दूतावासका प्रथम सचिव कृष्ण कुमार सुवेदी समक्ष राख्दा उनले आफूले एनसीसीलाइ सदैव माईा र साथ दिएको हुँदा मन्त्रिज्यूले दिएको समयबाट आफूहरूले समय उपलब्ध गराए पनि जनसम्पर्कले बढी समय लिएको र मन्त्रीले नै बढी समय दिएको स्पष्ट पारे ।

'पाँच मिनेट भएपनि श्रमिकका समस्या मन्त्री समक्ष लिखित दिऊ भनेपनि मन्त्री आफैले बरु तपाईंहरू परिचय दिनुस् भन्नु भो हामीले आफ्नो पदीय जिम्मेवारी सहितको परिचय दियौं । 'मन्त्रीज्यूले आफै ज्ञापन पत्र पढेर आश्चर्यता प्रकट गर्नुभयो' भट्टले भने ।

ज्ञापन पत्रमा कतारमा राहदानी नवीकरणका लागि स्लट नपाउने, एनसीसी कतारले संस्थाको खर्चमा फोटोकपी मेसिन, कम्प्युटरसहित एक जना कर्मचारी रहने गरी श्रमिक डेस्क राख्नको लागि पटक-पटक अनुमति माग गरेपनि हालसम्म सुनुवाइ हुन नसकेको, राजदूतावासमा डिजिटल भुक्तानीको सुविधा नहुँदा दैनिक सेवाग्राहीले समस्या भोगी रहेको, सरकारले वैदेशिक रोजगारीमा आउने श्रमिकको हितको लागि विभिन्न शुल्क लिने तर विदेशमा आएर समस्यामा परेका नेपाली बिरामी हुँदा, मृत्युवरण गर्दा आर्थिक समस्या देखिने गरेको हुँदा श्रमिक कल्याणकारी कोषको प्रभावकारी सदुपयोग गर्न अनुरोध गरिएको छ ।

ज्ञापन पत्रमा कम्पनीको बारेमा नबुझी डिमाण्ड एप्रभल गर्दा कतारमा आएर समस्यामा पर्ने गरेकोप्रति सजग गराउँदै श्रमिकलाई समस्यामा पारेका कम्पनीलाई पुनः थप डिमाण्ड स्वीकृत गर्ने र कुनै पनि डिमाण्ड स्वीकृत गर्नुपूर्व त्यो कम्पनीको बारेमा बुझेर मात्रै गर्नुपर्ने, दूतावासको नेतृत्वमा न्यूनतम मासिक रूपमा कानूनी तथा समसामयिक जानकारीको लागि सचेतना कार्यक्रम गर्न आवश्यक रहेको जनाइएको छ ।

एउटै कम्पनीमा लामो समयदेखि कार्यरत व्यक्तिको श्रम पुनः नवीकरण गर्दा कम्पनीसँगको सम्झौता पत्र अनिवार्य गर्दा श्रमिकले सास्ती भोगी रहेकोप्रति सचेत गराउँदै कम्पनी परिवर्तन गरेका सँग सम्झौता पत्र अनिवार्य गरेर एउटै कम्पनीमा रहेकाको हकमा श्रम नवीकरण सहज रूपमा गरिनुपर्ने सुझाव उल्लेख गरिएको छ ।

पत्रमा नेपाली राजदूतावासबाट हुने सेवा प्रवाहमा लिइने महँगो सेवा शुल्कलाई समाईजन गरिनु पर्ने, जलेको, च्यातिएको वा अन्य कारणले बिग्रिएको राहदानीको सट्टा नयाँ राहदानीको लागि आवेदन गर्दा न्यूनतम शुल्कमै राहदानी प्रदान गर्न सुझाव दिइएको स्वयमले पढेपछि मन्त्रीलेनै स्लट नपाउने विषयमा आश्रयता प्रकट गर्दै यथाशक्य आफूले सक्ने र मन्त्रालयबाट सम्बोधन गर्न सकिने मुद्दालाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको मन्त्रीलाई उद्धृत गर्दै भट्टले मध्याह दैनिकलाई जानकारी दिए ।

### साउदीमा...

उनीहरूलाई साउदी अरेबियाका अल हदवा, अल सुल्तान, र अल समाहा म्यानपावर सप्लाई कम्पनीमार्फत दमाम, रियाद, अल कासिममालगायत साउदीका विभिन्न क्षेत्रहरूमा पठाइएको थियो । तर कम्पनीहरूले कामको अनुबन्धपत्र (अकमा) नबनाइ उनीहरूलाई कामबाट निकालेर अलपत्र परेपछि पीडित श्रमिकहरूले गैरआवासीय नेपाली संघ अल कासिमलाई उद्धारका लागि सहयोगको अनुरोध गरेका थिए । पीडितहरूको समस्या बुझ्न एनआरएनए आईसीसीका सदस्य तथा नेपाली राजदूतावास रियादका अल कासिम प्रतिनिधि विशाल श्रेष्ठ र एनआरएनआरसीसी अल कासिमका प्रवक्ता अलि उर्सिन मियाँले स्थलगत निरीक्षण गरेका थिए । निरीक्षणपछि उनले राजदूतावास रियादसँग समन्वय गरी श्रमिकहरूको एक्जिट भिसाको प्रक्रिया अघि बढाएका थिए ।

श्रेष्ठका अनुसार सप्लाई कम्पनीहरूले केही श्रमिकहरूको भिसा एक वर्ष, केहीको डेढ वर्ष र केहीको दुई वर्षसम्म पनि नवीकरण नगरेको अवस्थामा उनीहरू समस्यामा परेका थिए । बाँकी ३० जनाको पनि प्रक्रिया जारी रहेको बताइएको छ । त्यसमा अन्य क्षेत्रका श्रमिकहरूलाई पनि समावेश गरिएको छ ।

नेपाली राजदूतावास रियादका अल कासिम प्रतिनिधि श्रेष्ठले मेनपावर कम्पनीहरूलाई कानुनी कारबाहीको लागि सम्बन्धित निकायमा निवेदन दिएको जानकारी दिएका छन् । साथै, उनले साउदीका अन्य सप्लाई कम्पनीहरूको भिसा र श्रम स्वीकृति रोक्का गर्नका लागि पनि आवश्यक पहल गरिएको बताए ।

गैरआवसीय नेपाली संघ क्षेत्रीय समन्वय समितिले आफ्नो आधिकारिक पेजमार्फत सूचना जारी गर्दै म्यानपावर कम्पनीहरूले यस्ता सप्लाई कम्पनीमा कामदार नपठाउन अनुरोध गरेको छ ।

### राप्रपामा...

भारतको अरविन्द केजरिवालको आम आदमी पार्टीसँग तुलना गर्दै साझा पार्टीको ब्रान्डिङ गरेका थिए ।

पछि उनले विवेकशिल नेपालीदलसँग साझा पार्टीलाई एकता गराए । विवेकशील नेपाली दलका संस्थापक उज्ज्वल थापा थिए, जसले २०७० को दोस्रो संविधानसभा निर्वाचनदेखि कुकुर चिन्ह लिएर वैकल्पिक राजनीतिको भिन्नै अभ्यास र पैरवी गरिरहेका थिए ।

साझाको भन्दा विवेकशीलको विश्वसनीयता बढी थियो । उज्ज्वल थापाले आफू पृष्ठभागमा बसेर मिलन पाण्डे, रन्जु दर्शना, पुकार बम, निर्देश सिलवाल लगायतका युवालाई अगाडि ल्याए । २०७४ को स्थानीय निर्वाचनमा साझा पार्टीका उम्मेद्वार किशोर थापाले भन्दा विवेकशील दलकी रन्जु दर्शनाले काठमाण्डौंको मेयरमा धेरै भोट ल्याइन् ।

त्यसपछि, साझा र विवेकशील बीच एकता हुनु पर्ने सार्वजनिक माग बढेको थियो । अनौपचारिक जनदबाब समेतलाई सम्बोधन गर्दै दुई पार्टी एक भए । विवेकशील नेपाली दलका संस्थापक नेता उज्ज्वल थापा कोरोना महामारीको समयमा निधन भयो । त्यसपछि मिश्रले पार्टी फुटाए । फेरि मिश्र र मिलन पाण्डेको प्रयत्नले यी दलबीच फेरि एकता भयो । तर, त्यो एकता पनि टिक्न सकेन । मिश्रसँगको एकता र विभाजनको घनचक्करले विवेकशील नेपाली दलको पनि वैकल्पिक राजनीतिको छवि कमजोर हुँदै गयो । अन्ततः साझा विवेकशिल साझा पार्टी अध्यक्ष रहँदा रहँदै मिश्र राप्रपामा प्रवेश गरे । उनले राप्रपामा अध्यक्ष राजेन्द्र लिङ्देन पछाडिको बरियता पाएका थिए । अन्य भूमिका रहेता पनि उनले राजनीतिक विभागको प्रमुखको महत्वपूर्ण जिम्मेवारी पहिलो पटक पाएका हुन् । यसलाई मिश्रको राजनीतिक जीवन र राप्रपाको जीवनका लागि समेत महत्वपूर्ण रहेको बताइन्छ ।


Katahariya Multiple Campus

**कटहरिया बहुमुखी क्याम्पस**
**कटहरिया ०५, रौतहट**

**बोलपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मितिः २०८१/०६/१८**

यस क्याम्पसको बोलपत्र सम्बन्धि सूचना IFB No:KATMC/NCB/WORKS/01/2081–82,http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित Website (http://bolpatra.gov.np/egp) visit गर्नुहुन अनुरोध छ ।

**गजेन्द्र प्रसाद यादव**
**क्याम्पस प्रमुख**

Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply & Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project, Chitwan**
**Phone: 056-493204, Email: fwssmpchitwan@gmail.com.**

**Invitation for Electronic Bids Only**

**Date of publication: 4th October, 2024 (18th Asoj, 2081)**


Federal Water Supply and Sewerage Management Project (FWSSMP), Chitwan invites bids from eligible bidders for procurement of followings. Eligible bidders may get further information from PPMO's website https://www.bolpatra.gov.np/egp/ or can visit FWSSMP, Chitwan.

| S. N. | Contract ID and Name of Works | Estimated Amount Exclusive of VAT & PS (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount/Validity Upto |
|---|---|---|---|---|
| 1 | 01/081-82/FWSSMPChitwan: Procurement, Supply and Delivery of HDPE Pipes (PE-100) in Chitwan, Dhading, Nuwakot and Rasuwa | | 3,000 | 5,00,000/- (10th March, 2025) |
| 2 | 02/081-82/FWSSMPChitwan: Gardi Water Quality Improvement Project, Madi-1, Chitwan | 1,31,78,374.23 | 3,000 | 5,00,000/- (10th March, 2025) |

**(Project Chief)**

# भेरीगंगामा लाइसेन्सबिनै मेडिकल सञ्चालन
# प्रशासनको उदासीनताले नागरिकको स्वास्थ्यमा खेलबाड

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १७ असोज



सुर्खेतको भेरीगंगा नगरपालिकाको-६ भिडनी बजारमा अमृता सुनारले औषधि व्यवस्था विभागबाट अनुमति नलिइ मेडिकल सञ्चालन गरिरहेको पाइएको छ। उनले लगभग एक वर्षदेखि कानूनी प्रक्रिया पूरा नगरी औषधि बिक्री गरिरहेको र दर्ता नगरी नै औषधिहरू बेचिरहेको आरोप लागेको छ। प्रशासनले यस विषयमा ध्यान नदिएको भन्दै स्थानीयले चासो व्यक्त गरेका छन्।

एक वर्षअघि नै नगरपालिकाले सुनारको मेडिकल सञ्चालन अवैधानिक रहेको जानकारी पाएको भए पनि कुनै कारबाही अघि नबढाएको स्थानीयको भनाइ छ। 'गत वर्ष नै नगरपालिकाले अवैधानिक रूपमा मेडिकल सञ्चालन गरेको थाहा पाएको थियो,' एक स्थानीयले भने, 'तर किन हो खै नगरपालिकाले केही प्रक्रिया अगाडि बढाएन, यस पटक अनुगमनमा आउँदा कुनै कागजात फेला नपार्दा सात दिनभित्र नगरपालिका आउन आग्रह गरेको छ रे।'

भेरीगंगा नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक अर्जुन चपाईले सुनारको उक्त मेडिकल एक वर्षदेखि कानूनी प्रक्रिया नपुगेको स्वीकार गर्दै उनलाई सात दिनभित्र प्यान र डीडीएमा दर्ता गर्न निर्देशन दिएका छन्। चपाईले यदि समयभित्र दर्ता नगरेमा प्रशासनलाई पत्र लेखेर कारबाहीको प्रक्रिया अघि बढाउने जानकारी दिएका छन्। भेरीगंगा नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक अर्जुन चपाईले सुनारले एक वर्षदेखि कानूनी प्रक्रिया नपुगेको स्वीकार गर्दै उनलाई सात दिनभित्र प्यान र डीडीएमा दर्ता गर्न निर्देशन दिएका छन्। चपाईले यदि समयभित्र दर्ता नगरेमा प्रशासनलाई पत्र लेखेर कारबाहीको प्रक्रिया अघि बढाउने जानकारी दिएका छन्।

उनले अवैधानिक मेडिकललाई आफूहरूले सचेत बनाउने काम गरेको बताए। उनी मात्रै होइन सुर्खेतका अधिकांश पसल व्यवसायहरू दर्ता नै नगरी चलाउने गरेका छन्। औषधि पसल तथा मेडिकलको नामले अधिकांश अवैध र अनुमतिबिनै पसलहरू सञ्चालनमा रहेको यहाँका स्थानीय बताउँछन्। मानव स्वास्थ्यजस्तो संवेदनशील विषयलाई ख्यालै नगरी पैसा कमाउने नाममा औषधि पसल खुलेको जनगुनासो बढ्न थालेको छ।

भर्खर सिकेका र आवश्यकभन्दा बढी मात्रा औषधि दिने र तत्कालका लागि निको भएको जस्तो देखाउने औषधि विक्रेताका कारण मानव स्वास्थ्यमा प्रत्यक्ष असर परेको स्वास्थ्यकर्मीको भनाइ छ। मापदण्ड पूरा नगर्ने र अवैधानिक तवरले सञ्चालन गरिरहेका पसलहरूले अनुगमन टोली पुगेको सूचना पाउने बित्तिकै सटर लगाएर भाग्ने गरेको समेत पाइएको छ।

# जुम्लाको चन्दननाथ र भैरवनाथ मन्दिरमा लिंगो ठड्याएर दशैं शुरु

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १७ असोज



कर्णालीकै प्रसिद्ध चन्दननाथ र भैरवनाथ मन्दिरमा लिंगो फेरिएको छ। मन्दिरमा नयाँ लिंगो ठड्याएपछि जुम्लामा दशैं शुरु भएको मानिन्छ। मन्दिरमा लिंगोहरु खडा गरे सँगै जुम्लीहरुले घरघरमा जमरा रोखेर घटस्थापना मनाउने गर्दछन्।

परम्पराअनुसार नै मन्दिरमा लिंगो ठड्याइसकेपछि जुम्लीहरुले आ-आफ्नो घरमा घटस्थापना गरेका छन्। चन्दननाथ र भैरवनाथ मन्दिरमा ५२ हाते लिंगो र ५२ हाते ध्वाजा (कपडा) राखिन्छ। यहाँको मन्दिरमा परापूर्वकालदेखि नै चन्दननाथ र भैरवनाथ मन्दिरमा विजय स्तम्भसहित ५ पुराना लिंगोहरु झिकेर नयाँ लिंगो खडा गर्ने गरिएको संस्कृतिकविद्हरु बताउँछन्।

पछिल्लो समय भक्तजनहरुको सहभागिता घटेपनि यहाँका सरोकारवाला र युवाहरुको पहलमा लिंगो ल्याउने काम भइरहेको चन्दननाथ भैरवनाथ गुठी व्यवस्थापन समितिका अध्यक्ष अम्मर बहादुर थापाले बताए। उनका अनुसार घटस्थापनाकै दिन उत्पादन वृद्धि होस्, भोकमरी नहोस् भन्ने कामनासहित चन्दननाथ भैरवनाथ मन्दिरमा मार्सीधानको सिक चडाउनेसमेत परम्परा रहेको छ।

पहिलेको पालामा चन्दननाथ भैरवनाथ मन्दिरमा ५२ हाते लिंगोका लागि ५२ हाते ध्वाजा मुगु जिल्लाबाट आउने, लिंगोमा लगाउने गेरु र लिंगोको टुप्पोमा लगाउने चौरीको फुर्का र थप्का हुम्ला जिल्लाबाट आउने र लिंगो खडा गर्नका लागि कालिकोटबाट लडा (डोरी) आउने चलन रहेपनि पछिल्लो समय विस्तारै हराउँदै गएको स्थानीयको छ। 'अहिले सबै व्यवस्था गुठीले नै गर्ने गरेको छ,' उनले भने, 'लिंगो ल्याउँदा देखि मन्दिरमा खडा गर्दासम्म सेना र प्रहरीको सहयोग लिनुपर्ने बाध्यता रहेको छ।'

प्रत्येक वर्ष घटस्थापनाका दिन नयाँ लिंगो फेर्ने चलन रहेको छ। असोज १४ गते चन्दननाथ-३ ढाँड थपालाको जंगलबाट नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सयौं भक्तजनहरुले लिंगो ल्याएका थिए। पुरना लिंगो प्रतिस्थापन गरेर नयाँ लिंगो खडा गरिएको चन्दननाथ, भैरवनाथ गुठी व्यवस्थापन समितिले जनाएको छ।

जुम्लाका प्रमुख जिल्ला अधिकारी राम बहादुर शाहीले परम्परागत धार्मिक चलनअनुसार लिंगा ठड्याइसकेपछि मात्रै जुम्लावासीहरुले आ-आफ्नो घरमा घटस्थापना मनाउने गरेको जानकारी दिए।

# गाउँघरमा दशैंको रौनक, बजार सुनसान

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ असोज



दशैं नजिकिँदै गर्दा अर्घाखाँची जिल्लाका विभिन्न गाउँमा चहलपहल बढेको छ। तर जिल्ला सदरमुकाम सन्धिखर्क तथा पुरानो व्यापारिक बजार चुत्राबेसी सदरमुकामका आसपासका क्षेत्रहरुमा भने दशैं आएजस्तो चहलपहल देखिएको छैन। बजार सुनसान बन्दै गएको छ। सन्धिखर्क सदरमुकाममा अध्ययन गर्ने क्याम्पसका विद्यार्थी, बोडिङ स्कुलका विद्यार्थी, तीनका अभिभावकहरु सदरमुकामबाट गाउँतिर लागेपछि सदरमुकाम सन्धिखर्क चुत्राबेसी सुनसान बनेको हो। रोजगार, अध्ययन र अन्य कामका लागि गाउँबाट बहिरिएकाहरु चाडबाडका लागि अहिले धमाधम गाउँमा फर्किन थालेपछि यहाँका ग्रामीण बस्तीमा भने निकै चहलपहल बढेको शितगङ्गा नगरपालिका वडा नम्बर ४ का व्यापारी डिल बहादुर गुरुङ बताउँछन्।

गुरुङ भन्छन्,'कामको सिलसिलामा गाउँ छोडेर गएका अहिले धमाधम गाउँ फर्किन थालेपछि यहाँका गाउँमा दशैंको निकै चहलपहल बढेको छ, तर सहर बजार भने खाली हुँदै गएका छन्।'

जिल्लामा अबिर वर्षाका कारण सडकहरु अबरुद्ध भएपनि अहिले ग्रामीण सडकहरु सुचारु भएको र अहिले अर्घाखाँचीका गाउँघरमा रहेका पसलहरुमा दशैंका लागि आउने तथा नयाँ लुगा किन्नेहरुको भीड लाग्ने गरेको छ। यहाँका गाउँघरमा अहिले सञ्चालन भइरहेका गाडीहरुमा स्थानीयवासीले भरीभराउ हुने गरेको गुरुङ बताउँछन्।

प्रमुख व्यापारी केन्द्रमा व्यापार व्यवसाय गर्ने व्यक्तिहरु प्रायः जिल्लाबाहिर तथा गाउँमा बसोबास गर्ने नागरिक भएका कारण पनि उनीहरु भने दशैंका लागि अन्तिम दिन मात्रै गाउँ जाने भएका कारण बजारमा अझै दिउँसोमा बाहिर जिल्लाबाट सदरमुकाम सन्धिखर्कमा ओर्लने गाडीका यात्रुहरुले गर्दा केही चहलपहल भएपनि गाउँमा भने त्यसको तेब्बरले चहलपहल बढेको नरपानी जगतका व्यापारी किशोर न्यौपानेले बताए।

न्यौपानेले भने,'बजारमा बस्ने प्रायः सबै मान्छे आ-आफ्ना गाउँ फर्किन थालेका छन्, बजारमा व्यापारसमेत घटेको छ।' यहाँका बजारमा व्यापार व्यवसाय गर्ने आधाभन्दा बढी ग्रामीण क्षेत्रका विभिन्न गाउँबाट आएका छन् भने कतिपय जिल्लाबाहिरबाट आएर व्यापार-व्यवसाय गरिरहेका छन्। उनीहरूले पसल खोलेपनि बजार र गाउँमा मूल्य खासै फरक नपर्ने भएको कारण बाहिरबाट आउनेहरुले सदरमुकाममा भन्दा गाउँका पसलहरुमा किनमेल गर्ने गरेको कारण दशैंबजार गाउँमा चहलपहल बढी छ।

उता चाडपर्वका साथमा जिल्लामा अप्रिय घटना नहोस् भन्दै जिल्लामा शान्ति सुरक्षाको अवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताए। प्रजिअ अर्यालले भने,'चाडबाडमा हुने घटनाको अवस्थालाई दृष्टिगत गरी हामीले शान्ति सुरक्षाको अवस्था मजबुद बनाएका छौं, कुनै अप्रिय घटना हुन दिने छैनौं।' अहिले यहाँका बजार तथा ग्रामीण इलाकामा सुरक्षाकर्मीले निगरानी बढाएका छन्।

सदरमुकाम बाहिरका गाउँमा भने दिनप्रतिदिन चहलपहल निकै बढ्नुको साथै ग्रामीण क्षेत्रका दजनौं गाउँमा चर्खे र लिंगे पिङले रमाइलो बढाएको शितगंगाका युवा व्यवसायी नारायण सिंह बेल्वासेले बताए। उनले भने,'गाउँमा निकै रमाइलो भएको छ, गाउँबाट बाहिरिएका सबै गाउँघर फर्किँदैछन्, अहिले त यहाँका गाउँ बजार भन्दा कम छैनन्, दशैंका लागि हालिएका पिङमा रमाइलो गर्ने झनै बढेका छन्।'

गाउँमा चहलपहल भएसँगै यहाँका ग्रामीण क्षेत्रका पसलमा व्यापार-व्यवसाय पनि निकै फस्टाएको स्थानीयवासी बताउँछन्। यस्तै गाउँका ग्रामीण क्षेत्रमा रहेका पुराना दरबार, कोट तथा भगवतीका मन्दिरमा दशैं घरमा घटस्थापनादेखि दैनिक हुने पूजापाठ शुरु भएपछि गाउँको रौनक छुट्टै बनाएको छ। अर्घाखाँचीको अर्घा भगवती हसपुरको रागामारे जुकेनाको भगवती मन्दिर ठाडाको भगवती मन्दिर ढिकुराको भगवती मन्दिर लगायतका मन्दिरमा बिहीबार घटस्थापनादेखि नै पूजापाठ गर्नेको भीड लागेको छ।

# मनास्लु क्षेत्रमा बाटो खुल्यो, तर यात्रा अझै कठिन

**सुरेश भट्ट आश्रिन/मध्यान्ह**
गोरखा, १७ असोज



निरोधार वर्षापछि गत शनिबार झरेको पहिरोले उत्तरी गोरखाको मनास्लु पदमार्गमा क्षति पुऱ्याएको छ। दशैं तिहारको समय आन्तरिक र बाह्य पर्यटक आउने सिजनमा पदमार्गमा पहिरोले क्षति पुऱ्याउँदा समस्या भएको स्थानीयहरु बताउँछन्।

'पहिरोले बाटो धेरै ठाउँमा समस्या थपेको छ। पैदलमार्गका केही ठाउँमा मर्मत भइसक्यो केहीमा बाँकी छ', चुमनुब्री गाउँपालिका वडा नं. ४ का वडाअध्यक्ष पेमा ग्याल्बो लामा भन्छन्, 'अहिले जसोतसो मान्छे हिँड्न सक्ने भएको छ। अझै खच्चड हिँड्न सक्दैन। खच्चड हिँड्न नसक्दा दैनिक उपभोग्य सामान ढुवानीमा समस्या परेको छ।' खच्चड हिँडाउन नसकेपछि पर्यटक बास बस्ने होटलहरुलाई आवश्यक पर्ने खाद्यान्नलगायतका सामान ढुवानी गर्न मुस्किल परेको उनले बताए।

लामाका अनुसार न्याकफेदीदेखि गपसम्मको बाटोमा धेरै समस्या छ। 'न्याकफेदीदेखि पेवासम्म दुई ठाउँमा ठूला पहिरोहरु छन्', उनी भन्छन्, 'बिहीफेदीदेखि गपसम्मको खण्डमा तीन ठाउँमा पहिरो छन्। पहिरोमा मान्छे जसोतसो हिँड्न सक्छन्, तर खच्चड हिँड्न सक्दैन।'

बिहीदेखि चिसापानीसम्मको बाटो आवतजावत गर्न कठिन रहेको बिहीकी छिरिङ खाम्दो लामाको भनाइ छ। 'पहिरै पहिरो रहेछ। हिँडडुल गर्न पनि गाह्रो', उनी भन्छिन्, 'मान्छे त जसोतसो हिँड्न सक्ने रहेछन्, खच्चड त नसक्ने रहेछ।'

बाटोको मर्मतसम्भार गरेर खच्चडलाई समेत हिँड्न मिल्ने बनाउन स्थानीय सरकार लागिपरेको वडाध्यक्ष पेमा ग्याल्बो लामाले बताए।

# राजमार्गका होटलमा रात्रिकालीन छड्के

**धादिङ/मस–** पृथ्वी राजमार्गमा बढिरहेको सवारी चाप र चाडपर्वलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय धादिङले बजार अनुगमनलाई तीव्र पारेको छ। अनुगमनका क्रममा बुधबार साँझ पृथ्वी राजमार्गअन्तर्गत बेनिघाट रोराङ गाउँपालिका-३ मा सञ्चालित पिस हेभन रेष्टुरेन्ट एण्ड रिसोर्टलाई रु २० हजार जरिवाना गरिएको छ।




प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेको नेतृत्वमा गएको अनुगमन टोलीले खानेकुरा खुला छाडेकाले झिँगा भन्किएको फेला पारेपछि उपभोक्ता संरक्षण ऐन, २०७५ को उपदफा ३९ को १ को 'क' बमोजिम जरिवाना तिराएको हो। पुनः यस्तो भेटिएमा कानुनबमोजिम हदैसम्मको कारबाही गरिनेसमेत अनुगमन टोलीले चेतावनी दिएको छ।

धादिङ जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दीपेन्द्र शाही, उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख चुणामणि पुरीसहितको अनुगमन टोलीले पृथ्वी राजमार्गअन्तर्गत पर्ने गजुरी गाउँपालिकाको आदमघाट र मलेखु क्षेत्रका होटल तथा रिसोर्ट र खाद्यान्न पसलको पनि अनुगमन गरेको छ।

अनुगमनका क्रममा व्यवसायीहरूलाई सचेत गराइएको र कार्यविधिअनुसार बिक्री गर्न निर्देशन दिइएको धादिङका सहायक प्रमुख जिल्ला अधिकारी एवं जिल्ला अनुगमन समितिका संयोजक युवराज अर्यालले जानकारी दिए।

चाडपर्वको बेला जिल्लाका विभिन्न स्थानमा अखाद्य वस्तुको बिक्री भएको, तोकिएको मूल्यभन्दा बढी रकम लिएको र सरसफाइमा ध्यान नदिएको भन्ने गुनासो आएपछि बजार अनुगमनलाई तीव्रता दिएको अर्यालले बताए। चाडपर्वका बेला उपभोक्तासँग बढी मूल्य लिने, गुणस्तरहीन वस्तु, म्याद नाघेका सामान, लेबल नभएका सामान बिक्री गर्नेलगायत कार्य बढी हुने भएकाले अनुगमन तीव्र पारिएको उनको भनाइ छ।

चाडपर्वको मौका छोपेर विशेषतः पृथ्वी राजमार्गअन्तर्गत जिल्लामा सञ्चालित होटलले खाना, खाजाको मूल्य बढी लिने गरेको यात्रीहरूले गुनासो गर्दै आइरहेका छन्।

# लुम्बिनी प्रदेशको स्वास्थ्य कार्यालयमा पाल्पा, आयुर्वेदमा अर्घाखाँची र अस्पतालमा बर्दिया उत्कृष्ट

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ असोज



गत आर्थिक वर्ष २०८०/८१ को कार्यसम्पादनको आधारमा लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले स्वास्थ्य कार्यालय, अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रलाई उत्कृष्ट घोषणा गर्दै पुरस्कृत गरेको छ। स्वास्थ्य कार्यालयतर्फ पाल्पा प्रथम भएको छ। रोल्पा द्वितीय र गुल्मी तृतीय भएको छ।

यस्तै अस्पतालतर्फ बर्दिया अस्पताल प्रथम भएको छ भने लुम्बिनी प्रादेशिक अस्पताल बुटवल द्वितीय र अर्घाखाँची अस्पताल तृतीय भएको छ। आयुर्वेदतर्फ अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र प्रथम भएको छ भने लुम्बिनी आयुर्वेद चिकित्सालय द्वितीय र कपिलवस्तु आयुर्वेद चिकित्सालय तृतीय भएको छ। स्वास्थ्यमन्त्री खेमबहादुर सारुले प्रदेशस्तरीय समीक्षा कार्यक्रममा उत्कृष्ट स्वास्थ्य कार्यालय, आयूर्वेद चिकित्सालय र अस्पतालहरुलाई पुरस्कृत गर्दै सबै अस्पताल, स्वास्थ्य कार्यालय र आयुर्वेद चिकित्सालयको सेवालाई गुणस्तरीय बनाउन निर्देशन दिए। 'यहाँबाट जारी भएको घोषणापत्रको अक्षरस पालना गर्दै सबै स्वास्थ्य संस्थाको सेवाप्रवाहलाई गुणस्तरीय बनाउन जरुरी छ,' उनले भने, 'सबै निकायबीचको सहकार्यले उत्कृष्ट बनाउन सकिन्छ।'

प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ लाई संशोधन गरी प्रदेशका विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम जिल्लास्थित स्वास्थ्य कार्यालयमार्फत सिफारिस हुने व्यवस्था मिलाउने गरी कार्यविधि संशोधनको तयारीसमेत गरिएको उनले जानकारी दिए।

लुम्बिनी प्रदेशमा १२ वटा स्वास्थ्य कार्यालय, १३ वटा आयुर्वेद चिकित्सालय तथा स्वास्थ्य केन्द्र छन्। यस्तै १४ वटा अस्पताल छन्। स्वास्थ्य कार्यालय, आयुर्वेद चिकित्सालय तथा स्वास्थ्य केन्द्र र प्रादेशिक तथा जिल्ला तहमा रहेका अस्पतालले दिने सेवा, सेवाग्राहीको सन्तुष्टिलगायतका विषयलाई समेटेर तयार पारिएको सूचांकको आधारमा उत्कृष्ट घोषणा गरिएको हो।

# मलेसियामा क्षयरोगबाट ग्रस्त एक कामदार दूतावासमा शरणपछि नेपाल फिर्ता

**क्वालालम्पुर/मस–** वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा कार्यरत रहँदा क्षयरोग लागेर बिरामी परेका एक कामदार नेपाली दूतवास मलेसियाको सहयोगमा स्वदेश फर्किएका छन्। नेपालबाट आएको कम्पनी छाडेर अवैधानिकरुपमा बसोबास गरी काम गरिरहेका पीडित शंकर थापामा क्षयरोगको लक्षण देखापरेको थियो।



रोग पहिचान गर्ने क्रममै आफूसँग भएको खर्च सकिएपछि उनी बेखर्ची भइ पीडित भएका थिए। रोग र आर्थिक अभावले पीडित शंकर सम्पर्कमा आएपछि पिएनसिसिले नेपाली राजदूतवाससँग सहयोगका लागि समन्वय गरेको थियो। उनी बातिक एयरको उडानमार्फत नेपाल फर्किएका हुन्।

# २२ लाख रकमसहित दुई जना पक्राउ

**महोत्तरी/मस–**महोत्तरीको दुई दिनयता स्रोत नखुलेको २२ लाखसहित प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। मटिहानी नगरपालिका-७ स्थित नेपाल-भारत सीमा नजिकबाट प्रहरीले आज १० लाखसहित एकडारा गाउँपालिका-४ का २३ वर्षीय ललित महरालाई पक्राउ गरेको हो।

ज७प ७६२८ नम्बरको मोटरसाइकलमा चढेर भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई उक्त रकमसहित सशस्त्र प्रहरी बल मटिहानीको टोलीले पक्राउ गरेको हो। त्यसैगरी बुधबार प्रहरीले स्रोत नखुलेको रु १२ लाखसहित सम्सी गाउँपालिका-६ का ४२ वर्षीय शेष हसमत अलीलाई पक्राउ गरेको थियो। प्र२-०२-००५प ५९९५ नम्बरको मोटरसाइकलमा उक्त रकम बोकेका हसमतलाई जिल्ला प्रहरी कार्यालय महोत्तरी र प्रहरी चौकी इटहर्वाकट्टीको टोलीले मनरासिश्वा नगरपालिका-२ भोल्ही चोकबाट पक्राउ गरेको हो।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ असोज २०८१, शुक्रबार
4 October 2024, Friday

## सम्पादकीय

# समस्या सिंहदरबारको सोच

मुलुक संघीय संरचनामा गएको दशक पुग्न लाग्यो । संविधानको भावना बमोजिम संघीय शासन प्रणाली चल्थ्यो भने अहिले संघीय राजधानी काठमाडौंको आकर्षण तुलनात्मक कमजोर भएर जाने थियो । किनभने जनतासँग जोडिएका मुख्य कामहरू स्थानीय र प्रदेश सरकारबाटै हुने थियो । प्रशासनिक काम वडा, पालिकादेखि प्रदेशभित्रै हुने अनि रोजगारी सिर्जना पनि त्यही हुने हो भने सिंहदरबारको भूमिका घट्ने थियो । सिंहदरबारले राष्ट्रिय गौरवका ठूला आयोजनाहरू हेर्ने थियो । परराष्ट्र सम्बन्ध, मुद्रा, सैनिक, सीमाना जस्ता विषयमा संघीय सत्ता केन्द्रीत हुने थियो । जनताका कामहरू आँगनकै सरकारबाट हुने भएपछि अहिलेको राजधानीको आवादी पनि घट्ने थियो । तर परिस्थिति त्यस्तो छैन । प्रदेश सरकारहरू बोर्ड मात्रै झुण्ड्याएर बस्ने जस्तो अनि स्थानीय सरकार दिएको बजेटमा आश्रित जस्तो बन्न पुगेको छ ।

जबकी हरेक संकटमा उद्धारकर्ताका रूपमा स्थानीय र प्रदेश सरकारको भूमिका देखिदै आएको छ । गत ११ असोज राति परेको अत्याधिक वर्षापछि आएको बाढी, पहिरो र डुबानकै बेला पनि स्थानीय सरकार नै प्रभावकारी देखिए । ९ असोजदेखि लगातार परिरहेको वर्षाबाट पुग्न सक्ने संभावित क्षतिको जानकारी दिनेदेखि उद्धार कार्यमा स्थानीय सरकार परिचालित थिए । राजधानी काठमाडौं, ललितपुर, भक्तपुरदेखि काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली लगायत जिल्लाका स्थानीय सरकार उद्धार कार्यमा सबैभन्दा अगाडि थियो । वडा सरकारकै पहलकदमीमा बाढी पहिरोमा परेकाहरूको उद्धार गरिएको थियो । उद्धार कार्य र राहत वितरण प्रभावकारी गर्न नसकेको आरोप संघीय सत्ताले खेपिरहँदा स्थानीय सरकारको भूमिकाबारे कोही बोल्न सकेको देखिदैन ।

बाढी पहिरोपछि राजधानी उपत्यका देशका अरू भूभागसँग अलग हुन पुगेका छन् । यस्तो बेला सत्ताको अनुभूति दिलाउने काम स्थानीय अथवा प्रदेश सरकारले गरिरहेका छन् । ठिक उल्टो भएभरका नागरिक राजधानी थुप्रिने प्रवृत्तिका कारणले अहिले काठमाडौंमा अचाक्ली मूल्य बढेको छ । एकप्रकारले नाकाबन्दी खेपिरहनु परेको राजधानी शहरमा बाहिरको तरकारी आउन सकेको छैन । त्यसैले उपभोग्य सामग्रीको मूल्य बढेको छ । राजधानीको समस्या अझ बढेर जाने अनुमान गरिदैछ भने बाढी पहिरो पीडितहरूको उद्धार, राहत र अस्थायी पुनर्स्थापनाको समस्या पनि कायमै रहने डर छ । अर्थात् संविधानको भावना बमोजिम अधिकार हस्तान्तरण गर्न नरूचाउने सिंहदरबारकै कारण यस्ता समस्याहरू आइरहेका छन् ।

# कूटनीतिक क्षेत्रमा पहलको कमी

*२०६८ सालमा जारी कूटनीतिक आचार संहिता परिमार्जन पटक-पटक गरे पनि मागबमोजिम नतिजामूलक भएको पाइँदैन । कूटनीतिक व्यवहारलाई अझ मर्यादित बनाउन समय सान्दर्भिक परराष्ट्र नीति अवलम्बन गर्न आवश्यक छ ।*

अग्रलेख



● डा.सुमनकुमार रेग्मी

कूटनीतिक मामला व्यवस्थापन तथा समन्वयमा खासगरी परराष्ट्र क्षेत्रको कमजोरी पनि उजागर बेला-बेलामा हुँदै आएको छ । प्रस्ट नीतिगत व्यवस्थाको अभाव र सम्बन्धित अधिकारीका अविवेकका कारण सरकारी अधिकारी तथा राजनीतिक नेताहरूबाट कूटनीतिक मर्यादा विपरित भइरहेको भेटघाट र आइरहेका अभिव्यक्तिका पछिल्ला नमुना हुन सक्दछन् । नेपालमा खड्किएको विषय भनेकै विदेशी कूटनीतिकहरूका राजनीतिक दलका नेता तथा सार्वजनिक पदाधिकारी, कर्मचारीसँगको निर्बाध खुला पहुँच हो । विदेशी सरकार, बाह्य संघ संस्था र तिनका कूटनीतिक प्रतिनिधि र अन्य पदाधिकारीसँगको औपचारिक भेटघाट, वार्तामा कसरी प्रस्तुत र कस्ता विषय उठाउने भन्नेमा नीति तथा नियम बन्ने गरे पनि व्यक्तिको हाबी प्रशस्त हुने गरेको छ। २०६८ सालमा जारी कूटनीतिक आचार संहिता परिमार्जन पटक-पटक गरे पनि मागबमोजिम नतिजामूलक भएको पाइँदैन । कूटनीतिक व्यवहारलाई अझ मर्यादित बनाउन समय सान्दर्भिक परराष्ट्र नीति अवलम्बन गर्न आवश्यक छ ।

कूटनीतिको निश्चित उद्देश्य, गन्तव्य र लक्ष्य हुन्छ। त्यो पहिल्याउने क्रममा देश सधैं अगाडी बढ्दै आएको छ। नेपालले विगत सात वर्षको अवधिमा जम्मा २४ देशसँग कूटनीतिक सम्बन्ध स्थापना गरेकोमा २०७४ सालमा मात्र दर्जनभन्दा बढी देशसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो । समृद्धि र दिगो विकास देशको स्थायित्वसँग जोडिएको छ । आत्मनिर्भरतामूलक विश्वव्यापीकरणको वर्तमान समय पनि आधारभूत मानव सुरक्षाको विषयमा आत्मनिर्भर हुँदै व्यापार, पारवहन र लगानीमा सुनियोजित रूपमा दीर्घकालीन उद्देश्यलाई दृष्टिगत गर्दै संस्थागतरूपमा नै विविधीकरण गरिनु पर्दछ। यो विषय हाम्रो राष्ट्रिय हित र स्वार्थसँग प्रत्यक्षरूपमा गाँसिएको छ। विशेषगरी हाम्रो जस्तो भौगोलिक अवस्थामा रहेका र न्यून आर्थिक विकास भएका हरेक देशले आफ्नो बृहत्तर देशको स्वार्थ रक्षाका लागि आधारभूत आत्मनिर्भरता र विविधीकरणलाई देशको राष्ट्रिय तथा परराष्ट्र नीतिको अभिन्न अङ्गका रूपमा लिनुपर्दछ ।

विश्वको आर्थिक संरचनालाई हेर्दा, नेपाल गरिब मुलुकमा पर्दछ। यस स्थितिमा परिवर्तन ल्याउन हाम्रा कूटनीतिक नियोगहरूले महत्वपूर्ण ध्यान दिनपर्ने क्षेत्रहरूमा जलस्रोतको विकास, पर्यटन क्षेत्रको विकास, निर्यात प्रवर्द्धनमा जोड, वैदेशिक लगानी र प्रविधिलाई आकर्षण गर्ने र वैदेशिक रोजगारको अवसरको सिर्जना गर्ने मुख्य छन् ।

राष्ट्रसंघीय मानव अधिकार परिषद्को सदस्य २०७४ मा चुनिएको नेपालले मानव अधिकारसम्बन्धी विषय हेर्ने भन्दै जेनेभास्थित स्थायी नियोगमा एक प्रथम श्रेणीको अर्थात् सहसचिव पद सिर्जना गरिएको थियो । २०७४ असोजमा नेपाल सन् २०१८-०२० का लागि एसिया प्रशान्त क्षेत्रबाट सदस्य चुनिएको थियो । परराष्ट्र क्षेत्रमा २०७४ देखि नै मन्त्रालयभित्र पनि संगठन तथा व्यवस्थापन अर्थात् ओ एन्ड एमको कार्य अगाडी बढ्दै आएको थियो । अमेरिकाको डिसीस्थित दूतावास, न्युयोर्कस्थित राष्ट्र संघीय नियोग, भारत र चीनमा सहसचिव नियोग उपप्रमुख रहने व्यवस्था हुँदै आएको छ ।

### भेटघाटसम्बन्धी निर्देशिका

बेला-बेलामा चर्चामा आउने कूटनीतिक संहिता पालनाको विषय देश संघीय संरचनामा प्रवेश गरेको केही वर्ष भएपनि अझ पूर्णता पाउन सकेको देखिँदैन । विश्वव्यापी प्रचलनअनुसार संघीय पद्धति अपनाएका देशहरूमा मौद्रिक, रक्षा र परराष्ट्र मामिला केन्द्रले हेर्ने र प्रादेशिक सरकारहरूले ती मामलाहरूमा केन्द्रीय निर्देशनअनुरूप मात्र काम गर्ने रहेको देखिन्छ। अन्य विषयमा केन्द्र र प्रदेशको क्षेत्राधिकार विवाद उठ्न सक्दछ। तर, यी तीन सवाल निर्विवाद केन्द्रका अधिकार देखिन्छन् । नेपालको संविधानले पनि पनि परराष्ट्र मामिलालाई केन्द्र सरकारको अधिकार मानेको छ ।

प्रदेश प्रमुख, मुख्यमन्त्री र कर्मचारीलगायतका कूटनीतिक भेटघाट नियमन गर्न सरकारले कूटनीतिक निर्देशिका केही वर्ष अगाडी जारी गर्ने तयारीमा थियो। त्यस्ता भेटघाटको उद्देश्य र उपलब्धिसमेत प्रस्ट खुलाउने पर्ने व्यवस्था हुनुपर्दछ। यस्ता पदाधिकारीहरूले पूर्वस्वीकृति बिना जस्तोसुकै भेटघाट गरे पनि सरकारले भियना कन्भेन्सन र संविधानअनुसार कारबाही गर्न सक्ने जानकारी कूटनीतिक पदाधिकारीलाई पहिलेदेखि नै दिँदै आएको छ ।



*हाम्रो जस्तो भौगोलिक अवस्थामा रहेका र न्यून आर्थिक विकास भएका हरेक देशले आफ्नो बृहत्तर देशको स्वार्थ रक्षाका लागि आधारभूत आत्मनिर्भरता र विविधीकरणलाई देशको राष्ट्रिय तथा परराष्ट्र नीतिको अभिन्न अङ्गका रूपमा लिनुपर्दछ ।*

केही वर्षअघि नेपालका लागि भारतीय पूर्व राजदूतहरू रणजित, श्यामसुन्दर र देव एकैसाथ नेपालको डोल्पामा पुगेको थिए। यस्तो क्षेत्र पनि कूटनीतिक मर्यादा र आचरणभित्र पारिनु पर्दछ। यो भेटमा मन्दिर निर्माणका लागि तीन करोड रुपैयाँ आर्थिक सहयोग गरेका थिए। यस्ता सहयोग कूटनीतिक मर्यादामा पारिनु पर्दछ। कूटनीतिक मर्यादा बाहिर रहेर दुवै तिरका छिमेकी देशहरूले नेपालमा सिधा सहयोग गर्दै आएका छन् । यस्ता सिधा सहयोग भविष्यमा रोकिएला त ?

कूटनीतिक पक्षमा कमी कमजोरीका रूपमा लिँदा नेपाल र जापानबिच विगत ६६ वर्ष जतिको अवधिदेखि मैत्री सम्बन्ध भए तर, राष्ट्रिय प्रतिनिधित्व गर्ने दूतावासको आफ्नै भवन नहुनु राम्रो मानिएको छैन । पछिल्ला समय नेपालले थाइल्यान्डमा भवनसहितको सम्पत्ति जोडिएको छ भने अस्ट्रेलियामा जग्गा खरिद गरिएको छ। अमेरिकामा पनि खरिद गरिने र अन्य जग्गा भएका मुलुकमा भवन बनाउने कार्य अघि बढाइँदै आएको छ ।

नेपालस्थित विदेशी दूतावासहरूका राजधानीलगायत देशका अरू स्थानमा गैरकूटनीतिक संलग्नता राजधानीस्थित विदेशी दूतावासहरूबाट सिधा वा नजानिँदो पाराले प्रत्यक्ष सहयोग कार्यक्रम सञ्चालन गर्ने र परियोजना शिलान्यास एवम् उद्घाटनमा राजदूतहरू आफैं पुग्ने प्रवृत्तिलाई अझ सरकारले रोक्न सकेको देखिँदैन । तर, स्थानीय सरकार आए पनि यस्तो संलग्नता हट्न सकेको देखिँदैन। बताइन्छ की भारतीय दूतावासले साना सहयोग सम्झौताअन्तर्गत सिधा सहयोग कार्यक्रम चलाउँदै आएको छ भने अन्य देशका दूतावासले विभिन्न कोषका नाममा काठमाडौंस्थित विभिन्न दूतावासहरूले धर्म संस्कृति र अधिकारको प्रचार र त कुनै दूतावासले आफ्नो प्रभावका सहयोग गर्दै आएका छन्। यस्ता कार्यक्रम जिल्ला समन्वय समितिमार्फत गर्दै आउनु पर्दथ्यो। चीनले पनि आफ्नो देशसँग जोडिएको नेपाली हिमाली जिल्लामा यस्तै प्रकारका सहयोग कार्यक्रम चलाउने प्रस्ताव राख्दै आएको छ। अन्य केही देशले समेत नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत यस्तो सहयोग बढाउँदै आएको देखिन्छन् । यस्तो विदेशी हाबी क्रियाकलापमा अर्थ मन्त्रालयसँगै परराष्ट्रको भूमिका र राजनीतिक सुझबुझ आवश्यक पर्ने आवश्यकता दशाइँदै आएको देखिन्छ। तर, साना विकास परियोजनालाई राष्ट्रिय बजेट वा प्रणालीबाट लैजान आवश्यक भएको भनिँदै आएको छ।

### राजदूत नियुक्तिमा आधार

राजदूत नियुक्ति गर्दा राज्यको हितलाई उचित तवरले प्रवर्द्धन गर्ने, प्रभावकारी रूपमा राज्यको प्रतिनिधित्व गर्न योग्यतम व्यक्तिको नियुक्ति अनिवार्य उचित हुन्छ। आचार संहिता, आचरण र अरू दाग नलागेको व्यक्ति राजदूतका रूपमा सिफारिस गरिनु पर्दछ। संविधानले पनि सरकारको सिफारिसमा राष्ट्रपतिबाट राजदूत नियुक्ति गर्ने व्यवस्था गरेको छ। पछिल्ला वर्षहरूमा कूटनीतिक सेवाबाट ५० प्रतिशत र बाँकी आधा राजनीतिक कोटामा राजदूत नियुक्ति हुँदै आएका छन् । राष्ट्रिय हित प्रवर्द्धन गर्न सक्ने व्यक्तिलाई राजदूत बनाउन पर्नेमा दलहरूले वाञ्छित योग्यता नै नपुगेको कार्यकर्ताहरूलाई छान्ने गरिएको देखिन्छ। २०६९ सालतिर परराष्ट्र सेवा ऐन ल्याई त्यसमै मापदण्ड समेट्न खोज पनि त्यस कार्य कतिको अगाडी बढ्न सफल भयो ।

लामो समयदेखि रिक्त रहेका राजदूतहरू खाली भएको बेला एकै पटक सरकारले बेला-बेलामा राजनीतिक भागबन्डाका र मन्त्रालयका कर्मचारीहरूका वरिष्ठताका आधारमा राजदूत नियुक्तिको सिफारिस गर्दै आएको छ । सबै राजनीतिक दलहरूको सहमतिहरूमा सकेसम्म समावेशी ढङ्गले राजदूत नियुक्तिको सिफारिस गर्ने गरिएको भनिएको छ।

### समस्या, सुझाव तथा निष्कर्ष

भियना कन्भेन्सनले सम्बन्धित देशका अनुमतिबिना जुनसुकै गतिविधि गर्न कूटनीतिज्ञहरूलाई रोक लगाएको छ। कूटनीतिक मर्यादा एवम् बाह्य प्रचलनअनुसार विदेशी सरकार, बाह्य संघसंस्था र तिनका कूटनीतिक प्रतिनिधिका साथै अन्य पदाधिकारीका औपचारिक भेटघाट, सम्पर्क, वार्ता सम्बन्ध र सञ्चारलाई व्यवस्थित र मर्यादित बनाउन सरकारले आचारसंहिता परिमार्जन गर्दै आएको छ। परराष्ट्र क्षेत्र सुधार्न बेला-बेलामा नयाँ कार्य योजना बन्दै आएको देखिन्छ । यस्ता कार्य योजना मौलिक, स्वतन्त्र र स्वाधीन नेपाली परराष्ट्र नीति बाह्य सम्मान र राष्ट्रिय समृद्धिका लागि कूटनीति कार्य योजना बेला-बेलामा आवश्यक छ । कूटनीतिमा कहिले पनि कपट नीति हुनु हुँदैन ।

*(रेग्मी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन् ।)*

## सामाजिक सञ्जाल



**- विनोद न्यौपाने**

यो विपत्ति प्राकृतिक प्रकोप होइन, पार्टीका नेता, अवैध ढुंगाखानी तथा क्रसर उद्योगी र उनलाई पूर्ण सहयोग गर्ने कर्मचारीको दोहन हो ! मुलुकलाई अरबौं घाटा, मानवीय क्षति गर्दै उनीहरूले करौडौं कमाए । रोसीमा मात्रै ७०० परिवार घरबारविहीन बनाए । रोसी र नक्खुको जलाधार क्षेत्रमै देखिन्छ ।



**- दीपक पौडेल**

पञ्चायतकालमा नानिमैया दाहाल र पद्मरत्न जस्तालाई जनताले हिरो बनाए, कारण राज्य आम जनताबाट टाढा थियो र उनीहरूले जनताको मनको पीडा बोले। सरकारले सुनेन अन्तिममा व्यवस्था विसर्जन भयो। आज जनताका मनका कुरा बोल्दिने आशिका वा प्रसाईंलाई गाली गर्ने कि तिम्रा गलत कर्तुत सुधार्ने ?



**- निलाम्बर आचार्य**

कसैको चाहना वा निर्णय नै सत्यको कसी होइन, चाहे त्यो कुनै दलको चाहना होस्, चाहे सर्वोपरि नेताको, चाहे शक्तिशाली देशको । त्यसैले फरक स्वरको ठुलो महत्व हुन्छ । गल्ती भएको भए फरक स्वरले सच्याउन मदत गर्छ । बहुमतको वा शक्तिशालीको निर्णय कालान्तरमा उल्टिन सक्छ ।



**- तारानाथ दाहाल**

संघीयता खर्चिलो प्रणाली हो । आम्दानी नगर्ने तर, खर्च मात्र गर्ने सरकारहरू त झन् शोषणका केन्द्र मात्र मानिन्छन्। एउटै देशमा कति वटा नीति/योजना आयोग, कति वटा प्रज्ञा प्रतिष्ठान, कति वटा सरकारी प्रसारण संस्था र कति वटा विश्वविद्यालय अनि कति वटा फजुल आयोग, समिति, सल्लाहकार जस्ता संरचना बनाउने ?

## तपाईंको राशिफल


| | |
|---|---|
| मेष : | मनोरञ्जनात्मक यात्रा हुनेछ । दैनिक आम्दानी राम्रो हुनेछ । |
| वृष : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नयाँ कार्य बन्ने योग छ । |
| मिथुन : | बाहिरी सहयोगमा कमी आउनेछ । विरोधी कमजोर हुनेछन् । |
| कर्कट : | नौलो कार्यहरूमा विशेष सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् । |
| सिंह : | राम्रो आय प्राप्त हुनेछ । स्वास्थ्य गडबड हुने योग छ । |
| कन्या : | स्वास्थ्य लाभ हुनेछ । शिक्षा सम्बन्धी कार्यमा रोकावट आउनेछ । |
| तुला : | विनम्रतासित कार्य गर्न राम्रो हुनेछ। नयाँ काम बन्ने योग छ । |
| वृश्चिक : | विद्यार्थीहरूको कार्यमा प्रगति हुनेछ। नयाँ सम्पर्क बन्ने योग छ । |
| धनु : | पारिवारिक सदस्यमा वृद्धि हुनेछन् । माङ्गलिक कार्य हुने योग छ । |
| मकर : | राजनैतिक सहयोग प्राप्त हुनेछ। नयाँ मित्र बन्ने योग छ । |
| कुम्भ : | लापरबाहीले गर्दा अशान्ति र कार्यमा रोकावटको योग छ । |
| मीन : | नौलो कार्य प्रारम्भ हुनेछ । वाहन खरिद हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# माओवाद र माओविचार !

टिप्पणी



● शम्भू कट्टेल

*विचार र वादको झगडा नबल्झाई माओका सान्दर्भिक भनाइहरू (संसदवादको विरोध, जनसंघर्षमा जोड, किसान समुदायमा आधारित जनसत्ताद्वारा बलपूर्वक विद्रोह गरी नयाँ जनवादी सत्ताको स्थापना)लाई लागू गर्न अघि बढ्नु नै हितकर देखिन्छ । लागू नगर्ने हो भने वाद भने पनि अर्थ छैन, विचार भने पनि अर्थ छैन ।*

नेपालमा चार दशक यता आएर माओको विचार पद्धतिलाई विचार भन्ने कि वाद भन्ने विवाद बढेको छ । यो विवादले माओ पक्षधरहरूलाई एकताबद्ध हुनमा बाधा पारिरहेको छ । एकता पक्षधरहरू यो बाधा फुकाउन वाद/विचार (वाद र विचारको बिचमा स्ल्यास राखेर) लेख्ने गरौं भन्छन् भने एकतालाई महत्व नदिनेहरू आफ्नै ढिपी जितिरहेका छन् । नेपालको एउटा कम्युनिस्ट पार्टीले वाद/विचार लेखेर जाने कि नजाने भन्ने विषयमा भोटिङसम्म गरेको र बहुमतले एकतामा बाधा नपार्नका लागि वाद/विचार लेखेर जाने निर्णय गरेको छ ।

वादभन्दा माओको लाइनलाई बढी महत्व दिएको हुन्छ कि विचार मात्रै भन्दा विभिन्न मत पाइन्छ। एक दुइटा नाम चलेका अङ्ग्रेजी शब्दकोश हेर्दा, वाद भन्नुभन्दा विचार भन्दा खेरी त्यसले बढी महत्व पाउने देखिन्छ तर, केही अङ्ग्रेजी भाषा बोलिने देशहरूका केही कम्युनिस्ट पार्टी स्वयम्ले भने त्यसलाई बढी महत्व दिएको देखाउन वाद भन्न थालेको पाइन्छ । जस्तै कि (नवउदारवादी) अर्थशास्त्रीहरूले अघि सारेको विचारलाई 'थट्' भन्ने तर लागू गर्ने राजनीतिक नेता रियागन अथवा थेक्चर)लाई भने ती नेताको नाम जोडेर वाद भन्ने गरेको पाइयो ।

माओका विचारलाई धेरै महत्व नदिऔं भन्नेहरू नेपालमा माओ विचार भन्दछन् । वाद भनियो भने मार्क्स वा लेनिनको स्तरको विचार ठहरिन्छ र त्यसो नभनेर विचार मात्र भन्नुपर्छ भन्दछन् । वाद भन्नपर्छ भन्नेहरू माओका विचार पनि विश्वव्यापी महत्वको छ र २०औं शताब्दीको मार्क्सवादी संस्करण हो भन्दछन् । माओका 'व्यवहारबारे', 'अन्तर्विरोधबारे' जस्ता लेखहरू लेनिनको 'राज्य र क्रान्ति'भन्दा वा मार्क्सको 'कम्युनिस्ट पार्टीको घोषणापत्र' भन्दा कम मार्क्सीय वा कम वजनदार छैनन् भनिन्छ। बृहत् स्वीकार्यता, नवीनता र व्यापकताकै हिसाबले पनि मार्क्सले औद्योगिक देशका क्रान्तिको आवश्यकता र मोडेल देखाए, लेनिनले साम्राज्यवादी देशका क्रान्तिको आवश्यकता र मोडेल देखाए भने माओले साम्राज्यवादबाट उत्पीडित औद्योगिक विकास कम भएका देशका क्रान्तिको आवश्यकता र मोडेल देखाए भन्ने कुरा विश्वले स्वीकार गरेकै कुरा हो । जहाँसम्म सबै प्रस्थापनाहरूको सर्वकालिकताको प्रश्न छ एक देशमा मात्रै क्रान्तिको सम्भावना नदेख्ने मार्क्सलाई लेनिनले गरेर देखाए र मजदुर विद्रोहको लेनिनको मोडेललाई माओले किसान मजदुर संयुक्त विद्रोहमा सफल परिवर्तन गरिदिए । यस अर्थमा माओ पनि लेनिन भन्दा कम थिएनन् ।

यो विवाद विषयवस्तुको विवादभन्दा पनि आफ्नो कुरामाथि पार्ने सङ्कीर्णता र एकता वृद्धि गरी क्रान्तिलाई नजिक ल्याउनमा वास्ता नगर्ने प्रवृत्तिको रूपमा बढी देखिएको छ । माओका योगदान नै विषयवस्तु हो भने विचार वा वाद जे भने पनि के नै फरक पर्छ र विवाद निकाल्नु ? विवाद/वादभन्दा समस्या हल हुन्छ भने किन नभन्नु ? त्यसैले विचार र वादको झगडा नबल्झाई माओका सान्दर्भिक भनाइहरू (संसदवादको विरोध, जनसंघर्षमा जोड, किसान समुदायमा आधारित जनसत्ताद्वारा बलपूर्वक विद्रोह गरी नयाँ जनवादी सत्ताको स्थापना)लाई लागू गर्न अघि बढ्नु नै हितकर देखिन्छ। लागू नगर्ने हो भने वाद भने पनि अर्थ छैन, विचार भने पनि अर्थ छैन । वाद भन्दा माओका योगदानको अति-मूल्याङ्कन हुन्छ भन्ने भनाई गलत हो, त्यस्तो धारणा राख्नेलाई माओ विचारै भन्न पनि के कर छ र, माओ विचारै छोडे भयो । वाद र विचारको झगडाले संगठनात्मक एकता हुँदैन भने विद्यमान विकृति, विसङ्गति, स्वेच्छाचारिता, भ्रष्टाचार, लूटतन्त्र, मौलिक हकको बहाली, विदेशी दासता आदिको विरोधमा सहकार्य त गर्न सकिन्छ नि। इमानदारहरूले सकारात्मक कामहरूलाई साथ दिनै पर्छ।

# बक्स अफिस समाचार

## दिव्या र विभा 'मिस एण्ड मिसेस हेरिटेज इन्टरनेशनल नेपाल' घोषित

**काठमाडौं/मस-** 'मिस एण्ड मिसेस हेरिटेज इन्टरनेशनल नेपाल' दिव्या पात्रा र विभा बस्नेत घोषित भएका छन्। दिव्याले 'मिस हेरिटेज इन्टरनेशनल नेपाल २०२४'को शीर्ष उपाधि हात पार्दा विभाले 'मिसेस हेरिटेज इन्टरनेशनल नेपाल २०२४'को शीर्ष उपाधि जितेकी हुन्। प्रतियोगितामा 'मिसेस अर्थ एलिट नेपाल २०२४'को उपाधि भने रोशनी महर्जनले हात पारिन्।

आइडियल मोडल कलेजमा अध्यायनरत पात्राले आगामी नोभेम्बरमा थाइल्याण्डमा आयोजना हुने 'मिस हेरिटेज इन्टरनेशनल २०२४', विभाले नोभेम्बरमा थाइल्याण्डमा आयोजना हुने 'मिस हेरिटेज इन्टरनेशनल २०२४' र महर्जनले नोभेम्बरमै फिलिपिन्समा आयोजना हुने 'मिसेस अर्थ एलिट २०२४'मा नेपालको प्रतिनिधित्व गर्नेछिन्।

ग्रीन आर्ट्स मिडिया प्रा.लि.को आयोजनामा बुधबार अबेर साँझ हेरिटेज गार्डन सानेपामा आयोजित जोय 'मिस एण्ड मिसेस हेरिटेज इन्टरनेशनल नेपाल २०२४'मा मिसतर्फ आइडियल मोडल कलेजकी जसु महर्जन फष्टरनरअप बन्दा पबस कलेजकी प्रत्युषा नेपाली सेकेन्ड रनरअफ घोषित भए।





प्रतियोगितामा मोष्ट ट्यालेन्ट जसु महर्जन, मोष्ट फ्रेड्ली , रोशनी महर्जन, मोष्ट डिसिप्लेन सान्ड्रिया राई, बेष्ट वाक दिव्या पात्रा, बेष्ट पफमर विभा बस्नेत, बेष्ट स्माइल लिलि राई, चार्मङ पर्सनालिटी सितल बल, बेष्ट स्क्रिन प्रत्युषा नेपाली, बेष्ट हेयर रिभिमा बिसुंके, मोष्ट इन्सपाइरिङ गंगा पुरी चुनिए। नेशनल निर्देशकसमेत रहेकी अनिला श्रेष्ठको कोरियोग्राफी रहेको प्रतियोगितामा टीयु लायन्स ब्लड ट्रान्सफ्युजन एण्ड रिसर्च सेन्टरका संस्थापक महसचिव अजय पीडि खनाल प्रमुख अतिथि रहेका थिए। प्रतियोगितामा लुनिमा तुलाधर (कलाकार तथा मिडियाकर्मी), सोफिया भुजेल 'मिस युनिभर्स नेपाल २०२२', दिवास योन्जान (आइएसओ लेखा परिक्षक) र क्याथरिन दाहाल (मेकअप आर्टिस) निर्णायक रहेका थिए।

'मिस एण्ड मिसेस हेरिटेज इन्टरनेशनल नेपाल २०२४' युनेस्कोको ऐतिहासिक र महत्वपूर्ण सम्पदा सूचीमा परेका विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि प्रारम्भ गरेको ई-प्लानेटद्वारा सञ्चालित अन्तर्राष्ट्रिय प्रतियोगिता 'हेरिटेज इन्टरनेशनल'का लागि प्रतिनिधित्व छान्ने उद्देश्यले आयोजना भएको आयोजक ग्रीन आर्ट मिडियाका सीईओ प्रविन लाकौले जानकारी दिए।

## स्पर्स म्युजिक भिडियो अवार्ड सम्पन्न

**काठमाडौं/मस-** स्पर्स मीडिया एण्ड इन्टरटेन्मेन्ट, पेजेन्ट नेपाल इन्टरनेशनल तथा ब्राइट इभेन्ट म्यानेज्मेन्टले संयुक्तरुपमा आयोजना गरेको चौथो संस्करणको स्पर्स म्युजिक भिडियो अवार्ड-२०२४ समपन्न भएको छ।



अवार्ड समारोहमा लोकप्रिय अभिनेता शिव श्रेष्ठलाई नेपालको पहिलो अन्तर्राष्ट्रिय स्टारको रुपमा सम्मानित गरिएको छ। अभिनेता श्रेष्ठले पाकिस्तानी फिल्ममा समेत अभिनय गरेर नेपाली कलालाई अन्तर र्‍राष्ट्रियकरण गरेकोमा यो सम्मान अर्पण गरिएको आयोजक संस्थाको भनाइ छ।

समारोहमा विभिन्न सर्जकहरुलाई बेष्ट अवार्ड प्रदान गरिएको थियो। पप आधुनिक विधातर्फ समीर राई 'बेस्ट लिरिसिष्ट', सुमन राई 'बेस्ट सिंगर', साक्षी लम्साल 'बेस्ट मोडल' तथा गोपाल ढकाल 'बेस्ट म्युजिक भिडियो डाइरेक्टर' उत्कृष्ट भए। सरिता भारतीले बेस्ट सिंगर, प्रशान्त मगरले बेस्ट कोरियोग्राफर, केशव कोइरालाले बेस्ट म्युजिक भिडियो डाइरेक्टरको अवार्ड जित्न सफल भए।

तीन दशकदेखि निर्देशनको क्षेत्रमा सक्रिय व्यस्त भिडियो निर्देशक केशव कोइरालाले योगेश तामाङको स्वर, संगीत रहेको जुनको किरण बोलको गीतको भिडियोबाट बेस्ट म्युजिक भिडियो डाइरेक्टरको अवार्ड आफ्नो पक्षमा पार्न सफल भएका हुन्। प्रतियोगिताको निर्णायकहरुमा गीतकार दयाराम पाण्डे, सञ्चारकर्मी राजेन्द्र बानिया, निर्देशक देवेन्द्र पाण्डे, छायांकार रविन्द्र बराल तथा अभिनेता दिनेश केसी रहेका थिए।

समारोहमा कोरियोग्राफर विवेक श्रेष्ठ, समाजसेवी सबित श्रेष्ठ, मोडल अनुपम श्रेष्ठ, हेयर स्टाइलिष्ट सोन के. शर्मा, मेकअप आर्टिष्ट सोनाली शिल्पकार, ब्यूटिसियन करुणा पुरी, व्यवसायी सम्झना श्रेष्ठ, अभिनेता तथा कोरियोग्राफी कृष्ण रसाल लगायतलाई सम्मान गरिएको थियो। विभिन्न विधाका कलाकर्मी, श्रष्टाहरुलाई चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला सहितको व्यक्तित्वहरुले संयुक्त रुपमा सम्मान प्रदान गरेका थिए।

## सर्वोत्कृष्ट गीतकारको अवार्ड भट्टलाई

**काठमाडौं/मस-** लोकप्रिय गीतकार गोबिन्द भट्टले सर्वोत्कृष्ट गीतकारको अवार्ड पाएका छन्। मंगलवार काठमाडौंको गौशालास्थित होटल क्रिटलमा आयोजित 'चौथो स्पर्स म्युजिक भिडियो अवार्ड' कार्यक्रममा उनलाई उक्त अवार्ड प्रदान गरिएको हो। भट्टले 'तँई का ठमक' बोलको गीतबाट सर्वोत्कृष्ट गीतकारको पुरस्कार हाता पारेका हुन्। कार्यक्रमको अवार्ड जुरीहरूमा देवेन्द्र पाण्डे (म्युजिक भिडियो निर्देशक), रबिन्द्र बराल (क्यामेराम्यान), दयाराम पाण्डे (गीतकार), राजेन्द्र बानियाँ (सञ्चारकर्मी) र दिनेश केसी (मोडल) थिए।



उसो त भट्टले गीत लेखनबाट थुप्रै सम्मान, पुरस्कार तथा अवार्ड पाइसकेका छन्। यसअघि उनलाई 'चौथो स्पाइनी ब्याब्लर इन्टरनेशनल फिल्म फेस्टिभल-२०२४' मा 'राष्ट्रिय कला सम्मान' प्रदान गरिएको थियो भने त्यसअघि पनि 'गोल्डेन हर्स इन्टरनेशनल अवार्ड-२०२२' (गाउँले ठिटो' बोलको गीतबाट, सर्वोत्कृष्ट गीतकार), 'गोल्डेन इन्टरनेशनल म्युजिक अवार्ड-२०२४' (तँई का ठमक' बोलको गीतबाट सर्वोत्कृष्ट गीतकार), '११औं छायाछवी तिज म्युजिक अवार्ड-२०८१' मा 'जुरी' पाइसकेका छन्।

भट्टको हालसम्म दुई दर्जनभन्दा बढी गीत प्रकाशन भइसकेका छन् भने एक सय हाराहारीमा प्रकाशोन्मुख छन्। लोकदोहोरी, आधुनिक, चलचित्र सबै विधाका गीत लेख्ने उनको चलचित्र 'सिटामोल' छिट्टै आउँदैछ। लोकदोहोरी प्रतिष्ठान र गीतकार संघको आजीवन सदस्य रहेका भट्ट रोयल्टी नेपालको पनि सदस्य हुन्।

## 'पूर्ण बहादुरको सारङ्गी'को तेस्रो गीत 'मैजारो' सार्वजनिक

**काठमाडौं/मस-** बहुप्रतिक्षित नेपाली चलचित्र 'पूर्ण बहादुरको सारङ्गी'को नयाँ गीत 'मैजारो' सार्वजनिक भएको छ। निर्माण टिमले यो गीत युट्युब च्यानलमार्फत रिलिज गरेको हो। गीतको शब्द, संगीत र स्वर प्रशान्त शिवाकोटीले दिएका छन्।



गीतले मुख्य पात्रहरूका जीवनकथा बोकेको छ। विशेषगरी गन्धर्व समुदायको प्रेम, वियोग, बिछोड र पीडालाई प्रस्तुत गरेको छ। भिडियोमा प्रमुख कलाकार विजय बराल (पूर्ण बहादुर), अञ्जना बराइली र बलाकलाकार स्वायम् केसीको अभिनय रहेको छ।

गीतमा पूर्ण बहादुरलाई श्रीमतीले छाडेपछि गाउँगाउँमा सारङ्गी बजाउँदै आफ्नो पीडा सुनाइरहेको देख्न सकिन्छ। उनी गीतसँगै पीडा मात्रै सुनाउँदैनन् सँगै रहेको सानो छोरोप्रतिको जिम्मेवारी रहेको पनि देखाउँछन्। यसले गीत र संवादमार्फत सिनेमाको कथा गीतले संकेत गरेको छ।

सारङ्गीको धुनसँगै गीतमा प्रेम र पीडाको कथालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ। भिडियोमा पूर्णबहादुरले आफ्नो छोरालाई सारङ्गी बजाउन सिकाउँदै गरेको दृश्यले पारिवारिक विरासत र जातीय पेसालाई देखाउने प्रयास गरेको छ। यसअघि चलचित्रका अन्य दुई गीत 'काँधेकुरी' र 'दाहिने हातैमा' सार्वजनिक भइसकेका छन्।

सरोज पौडेलको लेखन तथा निर्देशन रहेको यो चलचित्र कात्तिक १५ गतेबाट प्रदर्शनमा आउँदैछ। चलचित्रमा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङलगायत कलाकारको अभिनय छ।

'पूर्ण बहादुरको सारङ्गी' गन्धर्व समुदायको जीवन र सामाजिक समस्यालाई केन्द्रमा राखेर निर्माण गरिएको सामाजिक कथावस्तुमा केन्द्रित सिनेमा हो। सेभेन सिज र बासुरी फिल्मसको प्रस्तुति रहेको यो चलचित्रको निर्माता विनोद पौडेल र प्याट्रिक सुवेदी हुन्, भने कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ, र रमेश ढकाल रहेका छन्।

संगीतकार प्रशान्त शिवाकोटीले चलचित्रमा संगीत दिएका छन्, जसमा हेमन्त कान्छा रसाइलीको सारङ्गी र प्रशान्त शिवाकोटी, मेलिना राई, तथा पुष्पन प्रधानको स्वर रहेको छ।

**बहराइनमा रोजगार**
कम्पनी: ABU OBAID CONTRACTING & TRADING GROUP W.L.L. शहर : Baharain
पूर्व स्वीकृत मिति: २०८०/०१/१४ चलानी नं: ६०२०११८५ L.T. No.: 285327 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Finishing (Gcc Experience) | 3 | 0 | स. काममा दक्ष | 120 | ४२,५९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician (With Gcc Experience) | 1 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 3. | Fabricator (Thermal, Cladding Aluminum Type) | 1 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 4. | Insulator/fitter (Thermal, Cladding Aluminum Type) | 1 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 5. | Mason (With Gcc Experience) | 3 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 6. | Painter - Spray | 2 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 7. | Plumber (With Gcc Experience) | 1 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 8. | Receptionist / Office Assistant | 1 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 9. | Scaffold Foreman | 3 | 0 | | 150 | ५३,२४१ | | | | | | | |
| 10. | Scaffolders (With Gcc Experience) | 26 | 0 | | 120 | ४२,५९३ | | | | | | | |
| 11. | Supervisor Scaffolding | 3 | 0 | | 200 | ७०,९८८ | | | | | | | |
| 12. | Worker (Scaffolding) | 37 | 0 | | 100 | ३५,४९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २५ गते (11 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CHERISH OVERSEASE PVT. LTD.** श्रम इजाजत नं. १३०४/०७४/०७५
Samakhusi Town Planning, Kathmandu, Tel.: 01-4365717, 9851003818, 9851052386
E-mail : conepal2022@gmail.com, Website: cherishoverseasnp.com.np

**कतारमा रोजगार**
कम्पनी: MODERN INDIAN SCHOOL शहर : Qatar
पूर्व स्वीकृत मिति: २०८१/०६/१६ चलानी नं.: ६०२२६१७६ LT. No. 311698

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaning Worker | 0 | 8 | | 1000 | ३६७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २५ गते (11 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.** Gov. Lic No. 1426/074/075
Samakhusi Townplanning, Kathmandu, Nepal Tel: +977- 1- 014951967, Mobile: 9851149287
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

**कुवेतमा रोजगार**
कम्पनी: BOHO BAR LADIES BEAUTY SALON CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: 2022/11/22 चलानी नं.: ६०१९१६९७ LT. No.: 276247 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BEAUTICIANS | 0 | 3 | स. काममा दक्ष | 150 | ६५,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २५ गते (11 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BAIBHAV OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com, baibhavoverseas5@gmail.com

**साउदीमा रोजगार**
कम्पनी : AL MAJID FOR AOOD.CO शहर : RIYADH
पूर्व स्वीकृत मिति:२०८१/०६/१६ चलानी नं.: ६०२२६२०२ L.T. No.:311666

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unload Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २५ गते (11 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Professional Manpower Services Pvt. Ltd.** श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

**कुवेतमा रोजगार**
कम्पनी: FOOD MOOD COMPANY FOR PIES PASTRIES AND SWEETS शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०६/१६ चलानी नं.: ६०२२६१८८ LT.No.: 311693

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef (Asst. Cook) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ७८,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 2 | 0 | | 140 | ६१,२९० | | | | | | | |
| 3. | Sweet Maker | 3 | 0 | | 160 | ७०,०४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २५ गते (11 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.** Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

**कतारमा रोजगार**
कम्पनी: ASPIRE MARKET शहर : Doha
पूर्व स्वीकृत मिति: २०८१/०६/१६ चलानी नं.: ६०२२६१८१ LT. No.: 311707

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६९,७४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaning Worker | 2 | 0 | | 1000 | ३६,७१० | | | | | | | |
| 3. | Labour | 10 | 0 | | 1000 | ३६,७१० | | | | | | | |
| 4. | Sales-Man | 2 | 0 | | 1400 | ५१,३९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २५ गते (11 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.** श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Mobile : 9813828296, 9803055121, 9865115019
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

**Shailung Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Publication: 18/06/2081 (4th October 2024)**

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites electronic and Sealed Quotation from all eligible bidders for the construction works mention in the table below on or before 05/07/2081 (21th October 2024) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N. | Name of Project | Contract ID | Estimated Amount (with VAT) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Nunthala Padekhani Road | SRM/SQ/W/01-2081/082 | 15,43,949.88 | 45,000.00 | 1000.00 |
| 2 | Bhaise Managaun Road | SRM/SQ/W/02-2081/082 | 10,13,959.60 | 30,000.00 | 1000.00 |
| 3 | Shailungeshwori Aabi Bhautik Byabasthapan | SRM/SQ/W/03-2081/082 | 10,14,016.25 | 30,000.00 | 1000.00 |
| 4 | Thaledada Bhadaure Road | SRM/SQ/W/04-2081/082 | 10,14,137.44 | 30,000.00 | 1000.00 |
| 5 | Aahale Pipaldada Road | SRM/SQ/W/05-2081/082 | 10,14,163.03 | 30,000.00 | 1000.00 |
| 6 | Durga Mabi Hostel Gherabar Tatha Sidhi Nirman | SRM/SQ/W/06-2081/082 | 10,13,824.93 | 30,000.00 | 1000.00 |
| 7 | Lamaghyang Gochet Hile Road | SRM/SQ/W/07-2081/082 | 10,14,364.52 | 30,000.00 | 1000.00 |
| 8 | Okharbot Hile Healthpost Road | SRM/SQ/W/08-2081/082 | 14,48,702.60 | 40,000.00 | 1000.00 |
| 9 | Pwaortole Ghyangdada Road | SRM/SQ/W/09-2081/082 | 9,66,638.59 | 27,000.00 | 1000.00 |
| 10 | Laptantole Thapagaun Road | SRM/SQ/W/10-2081/082 | 9,66,638.59 | 27,000.00 | 1000.00 |

**Chief Administrative Officer**

# ओमानविरुद्ध नेपाल विजयी



**काठमाडौं/मस–** क्यानडामा जारी त्रिकोणात्मक टी-२० सिरिजमा नेपालले ओमानलाई पराजित गरेको छ। क्यानडाको किङ सिटीमा बुधबार राति भएको खेलमा नेपालले ५६ रनको जित हात पारेको हो।

नेपालले दिएको एक सय ५८ रनको लक्ष्य पछ्याएको ओमान १९ दशमलव पाँच ओभरमा एक सय एक रन जोड्दै अलआउट भयो। ओमानका जिसान मकसुदले ३५ र अकिब इलियासले २२ रन बनाए। नेपालका कुशल भुर्तेलले तीन, रोहित पौडेल र सन्दीप लामिछानेले २-२ विकेट लिए।

त्यसअघि किंग सिटीमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ७ विकेट गुमाउँदै १५७ रन बनाएको थियो। नेपालको जितमा कप्तान रोहित पौडेलले ४४ बलमा २ चौका र ४ छक्कासहित ५६ रनको अविजित अर्धशतकीय इनिङ खेलेका थिए।

ओपनर अनिल साह ११, आसिफ शेख १६, देव खनाल १८, दीपेन्द्रसिंह ऐरी १, गुल्सन झा २ र कुशल भुर्तेल ११ रनमा आउट भए। ओमानका फयाज बटले, ३ कलिमुल्लाह, सकिल अहमद र अकिब इलियासले १-१ विकेट लिए। नेपाल पहिलो खेलमा नेपाल क्यानडासँग १४ रनले पराजित भएको थियो। दोस्रो खेलमा नेपालले ओमानलाई ३७ रनले हराएको थियो। तेस्रो खेलमा नेपाल क्यानडासँग ४ विकेटले हार्न पुग्यो। नेपाल ४ खेलमा २ मा जित र १ मा हारसहित ४ अंकका साथ नेटरनरेटका कारण शीर्ष स्थानमा छ। क्यानडा ३ खेलमा २ मा जित र १ मा हारसहित ४ अंकका साथ दोस्रो स्थानमा। क्यानडा ओमानसँग ८ विकेटले पराजित भएको थियो।

# एसिया रग्बी इमिरेट्स सेभेन्स ट्रफीको तयारी पूरा




**काठमाडौं/मस–** एसिया रग्बी इमिरेट्स सेभेन्स ट्रफी २०२४ को सम्पूर्ण तयारी पूरा भएको छ। शुक्रबारदेखि त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको नेपाल रग्बी संघका महासचिव गोविन्द घिमिरेले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए।

प्रतियोगितामा एसियाका १६ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। पुरूषमा १४ र महिलामा ७ टोलीको सहभागिता रहने छ। आन्तरिक कारण इरानले अन्तिम समयमा प्रतियोगिताबाट नाम फिर्ता लिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

पुरुषमा सहभागी टोलीलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ। नेपाल रहेको समूह 'बी' मा बहराइन र उज्वेकिस्तान छन्। समूह 'ए' मा फिलिपिन्स, पाकिस्तान र जोर्डन, समूह 'सी' मा काजाकिस्तान, कतार, साउदी अरबिया र श्रीलंका तथा समूह 'डि' मा अफगानिस्तान, भारत, बंगलादेश र चाइनिज ताइपेई रहेका छन्। महिलातर्फ ७ राष्ट्रलाई २ समूहमा बाँडिएको छ। समूह 'ए' मा नेपालसहित फिलिपिन्स, गुआम र उज्वेकिस्तान तथा समूह 'बी' मा भारत, इन्डोनेसिया र श्रीलंका छन्। सबै राष्ट्र नेपाल आइसकेको महासचिव घिमिरेले जानकारी दिए। पहिलो दिन पुरुष/महिला दुवै नेपालले समूह चरणका सबै खेल खेल्ने छ।

प्रतियोगिताको च्याम्पियन महिला तथा पुरुष टोलीले एसिया रग्बीको ट्रफीसहित स्वर्ण पदक, दोस्रो हुनेले रजत र तेस्रो हुने टोलीले कांस्य पदक प्राप्त गर्नेछन्। नेपालबाट महिलामा सिर्जना राई र पुरुषतर्फ विक्रम पुरीले कप्तानको भूमिका निर्वाह गर्नेछन्। इरानले महिला टोलीलाई सहभागी गराउन लागेको थियो।

यो प्रतियोगिता २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजको छनोटका रूपमा समेत रहेको छ। प्रतियोगिताको विजेताले २०२५ मा हुने एसिया रग्बी सेभेन्स सिरिजमा स्थान बनाउने छन्।

रग्बी संघका अध्यक्ष दीपक देवकोटाले कार्यक्रमलाई सफल र भव्य बनाउन सबै मिडियाकर्मी र दर्शकलाई अनुरोध पनि गरेका छन्। उनले ५६ दिनको बन्द प्रशिक्षणसहित नेपाली टोलीले करिब ४ चार महिनाको तयारी गरेको बताउदै नेपालको लक्ष्य पाँचौं स्थान हासिल गर्नु रहेको बताए।

एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा हुन लागेको प्रतियोगिताको पहिलो दिन ३० तथा दोश्रो दिन २० गरी जम्मा ५० खेल हुने छन्। सिनियर स्तरको एसियाली रग्बी नेपालमा पहिलोपटक हुन लागेको हो। आयोजकका अनुसार प्रतियोगिताको अनुमानित बजेट २ करोड १० लाख रुपैयाँ रहेको छ।

# सुदूरपश्चिमको ब्रान्ड एम्बेसडरमा विष्ट



**काठमाडौं/मस–** नेपाल सुपर लिग (एनपिएल) टोली सुदूरपश्चिमाञ्चल रोयल्सले ओलम्पियन दीपक विष्टलाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ। विष्ट र सुदूरपश्चिम रोयल्सका मालिक स्वतन्त्र प्रताप शाहले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

सुदूरपश्चिम मात्र नभइ देशका शान तेक्वान्दोका सफल खेलाडी विष्टलाई आफ्नो ब्रान्ड एम्बेसडर नियुक्त गर्न पाउनु खुसीको बिषय भएको सुदूरपश्चिम रोयल्सका मालिक शाहले बताए। उनले भने, 'उहाँ खेलकुदको रोलमोडल हो। आफ्नो समयमा खेलेर योगदान गर्नुभयो। अहिले नयाँ पुस्ताका खेलाडीलाई हौसला बढाउँदै आउनुभएको छ। उहाँ हामीसँग जोडिनु सुदूरपश्चिम रोयल्सका लागि गर्वको विषय हो।'

दक्षिण एसियाली खेलकुद (साग) का ४ पटकका स्वर्ण पदक विजेता विष्टले एसियाली खेलकुदमा दुई पटक कास्य पदक जितेका थिए। छनोट चरण पार गरेर उनले बेइजिङ ओलम्पिक २००८ खेलेका थिए।

विष्टले सुदूरपश्चिम रोयल्सलाई धन्यवाद दिँदै सुदूरपश्चिम क्रिकेटका लागि उर्वर भूमि भएको र एनपिएलको आयोजनाले व्यावसायिक क्रिकेटलाई उचाइमा पुऱ्याउने सम्भावना रहेको बताएका छन्।

उनले भने, 'यो उद्देश्यमा साथ दिन सुदूरपश्चिम रोयल्समा जोडिन पाउँदा खुसी लागेको छ। एनपिएलको आयोजनाले अन्ततः नेपाली क्रिकेट कै विकास हुने आशा छ।' सुदूरपश्चिम रोयल्सको मार्की खेलाडी दीपेन्द्र सिंह ऐरी र मुख्य प्रशिक्षक जगत टमटा छन्।

# बंगलादेशमा उसुलाई ४ स्वर्णसहित १० पदक



**काठमाडौं/एजेन्सी–** नेपालले प्रथम एसएएसएसएफ स्कुल कम्ब्याट गेम्सको उसुमा ४ स्वर्ण जितेको छ। नेपालले थप ५ रजत र १ कांस्य पनि जितेको नेपाली टोलीका प्रशिक्षक राजीव महर्जनले जनाएका छन्।

बंगलादेशको ढाकामा भएको प्रतियोगितामा ममता सुनुवार राईले दोहोरो स्वर्ण जितिन्। ममताले महिला नान छ्वान र नान ताउमा स्वर्ण जितेको प्रशिक्षक महर्जनले जानकारी गराए। पुरुष ४८ केजीमुनि विराज सुनार तथा ५६ केजीमुनि निश्चल तामाङले स्वर्ण जिते।

त्यस्तै पुरुष ६५ केजीमुनि सौगात चन्द, महिला ४८ केजीमुनि अनिता तामाङ, महिला ५६ केजीमुनि मञ्जरी राई, महिला थाइची छ्वानमा प्राथना नेपाल र महिला ५२ केजीमुनि सुभाङ्गीराज्यलक्ष्मी गौतमले रजत जिते। रुफस केसीले पुरुष थाइची छ्वानमा कांस्य हात पारिन्।

सोही प्रतियोगितमा सहभागी तेक्वान्दो टोलीले २ स्वर्ण, ४ रजत र ८ कांस्य जितेको छ। महिला ६८ केजीमुनि ऋशिका बुढाथोकी तथा पुम्सेको महिला जोडीमा ऋशिका र युनिशा निरौलाले पहिलो स्थान हात पारे।

पुरुष ४५ केजीमुनि आदित्य पराजुली, पुरुष ६८ केजीमुनि पंकज विक, महिला ४२ केजीमुनि इच्छा विष्ट र महिला एकल पुम्सेमा ऋषिकाले रजत जिते। पुरुष ४८ केजीमुनि दिपन सापकोटा, ४२ केजीमुनि युनिशा निरौला, महिला ५२ केजीमुनि सन्ध्याकुमारी पासवान, पुरुष एकल पुम्सेमा सुभम् पोखरेल र पंकज विक, महिला एकल पुम्सेमा आदित्य ढकाल, पुरुष जोडी पुम्सेमा आदित्य पराजुली र सुभम् पोखरेल तथा पुम्से महिला जोडीमा इच्छा विष्ट र आदित्य ढकालले कांस्य पाए।


**सानीभेरी गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**सिम्ली, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन तथा बिक्री सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८१/०६/१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको मिती २०८१/०६/१५ गतेको निर्णय बमोजिम र आर्थिक वर्ष २०८१/०८२ को लागि कर्णाली प्रदेशले तोकेको दर रेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, नियमानुसारको कर चुक्ता प्रमाणपत्र, नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सानीभेरी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ वा https://sanibherimun.gov.np मा हेर्न सकिनेछ।

| ठेक्का नं | सिलबन्दी दरभाउ पत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्यूनतम अङ्क (VAT बाहेक) | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 02/SQ/SRM/080/081 | बाहुनीखेत खण्डदेखि चाइनाबगर वडा न १ | २,५०,००० | १२,५०,००० | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| 03/SQ/SRM/080/081 | सिस्नेखोलादेखि स्यालेबगर खण्ड वडा न २ | २,००,००० | १०,००,००० | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| 04/SQ/SRM/080/081 | वेल्टापुदेखि प्रियतरा मैतुलोटे खण्ड वडा न ३ | २,५०,००० | १२,५०,००० | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| 05/SQ/SRM/080/081 | नायखोलादेखि रिम्ना दोभान खण्ड वडा न ४ | ३,००,००० | १५,००,००० | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| 06/SQ/SRM/080/081 | स्यालेबगरदेखि छोटेबगर वडा न ७ | २,००,००० | १०,००,००० | रु १००० | कबोल अंकको ५ प्रतिशत |
| 07/SQ/SRM/080/081 | हासिबाङदेखि सिम्लीखोला खण्ड वडा न ९ | ३,५०,००० | १७,५०,००० | रु १००० | कबोल अंकको ५ प्रतिशत |

**सिलबन्दी दरभाउ सम्बन्धी सर्तहरु**

१. सिलबन्दी दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरिद गर्न सकिनेछ र फारम दस्तुर लक्ष्मी सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नु पर्नेछ। नियमानुसार दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाताको रोहबरमा खोलिनेछ। सिलबन्दी दरभाउपत्र दाताहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।
२. यस कार्यालयबाट प्रमाणित भएका सिलबन्दी दरभाउपत्र फारमहरु सिलबन्दी दरभाउपत्र दाता स्वयं वा रित पूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।
३. सिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि करको प्रमाणपत्र तथा नियमानुसारको कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र सिलबन्दी दरभाउपत्र दस्तुर वापत नगद तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ।
४. सिलबन्दी दरभाउपत्र फारम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको लक्ष्मी सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानतपत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।
५. यस पूर्व यस कार्यालयबाट कुनैपनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन। तर सिलबन्दी दरभाउपत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा सिलबन्दी दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।
६. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ। कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँ कार्यपालिको निर्णय अन्तिम हुनेछ।
७. ठेकेदारले सम्झौता पत्रमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ। सो भन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन। पट्टा पुर्जीमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुने गरी संकलन गरेमा नियमानुसार कारबाही गरिनेछ।
८. गाउँ कार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाइ सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुबाट कुनै समस्या आइपरेमा गाउँ कार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन।
९. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइनेछैन।
१०. ठेकेदारले गाउँपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ।
११. गाउँ कार्यपालिकासँग ठेक्का सम्झौता गरेको ठेकेदारले IEE नभएको स्थानबाट ढुँगा, गिट्टी, बालुवा र ग्राभेल संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय (सुरक्षा तथा बन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारबाही गर्नुपर्ने छ। साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ।
१२. ठेकेदारले भिजेको चिसो बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ। ढुंगा गिटी बालुवा ग्रावेल, छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्ने छ।
१३. सिलबन्दी दरभाउपत्र स्वीकृत भई सकेपछि सिलबन्दी दरभाउपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८१ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ।
१४. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ।
१५. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागि लोडर, डोजर, एक्साभेटर, जेसिवि र ६ चक्के टायर भएका हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्नेछैन।
१६. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा संकलन कार्य बेलुका सूर्यास्तदेखि बिहान सूर्योदयसम्म गर्न पाइने छैन।
१७. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्री वितरण संकलन गर्ने प्रयोजनका लागि गाउँ कार्यपालिका कार्यालयले आवश्यकताअनुसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ।
१८. उत्खनन गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घाटगद्धि गर्न पाइने छैन। त्यसका लागि सिलबन्दी दरभाउपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ।
१९. कुनैपनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन। नदिजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा सिलबन्दी दरभाउपत्र दाताले व्यवस्थापन गर्नुपर्नेछ।
२० माथि उल्लेखित शर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ।साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपुर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
२१. सम्झौताका समयमा एकमुष्ठ रकम जम्मा गर्ने फर्म/संस्था/ब्यक्तिलाई ५ प्रतिशत छुट दिईने छ।
२२. अन्य कुराहरु ढुङ्गा, गिटि, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ ले गरेको व्यवस्था अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
१८ असोज २०८१, शुक्रबार
4 October 2024, Friday

# १५ अर्बको लगानीमा दुई पेट्रोलियम पाइपलाइन निर्माण सम्झौता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज ।

नेपाल र भारतबीच दुई महत्वपूर्ण पेट्रोलियम पाइपलाइन निर्माण सम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ। दोस्रो चरणको पाइपलाइन विस्तारका लागि नेपाल आयल निगम (एनओसी) र इण्डियन आयल कर्पोरेसन (आइओसी) बीच 'बिटुबी' सम्झौता भएको हो । बिहिबार भारतको दिल्लीमा आयोजित एक कार्यक्रममा नेपाल आयल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्ट र आइओसीका पाइपलाइन निर्देशक सिम्थल कुमारले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । भारतीय पेट्रोलियम तथा नेचुरल ग्यास मन्त्रालयका सचिव पंकज जैन तथा इण्डियन आयल कर्पोरेसनका अध्यक्ष भिसतिस कुमारको उपस्थिति रहेको




नेपाल निगमले जनाएको छ । सम्झौता अनुसार भारतको सिलिगुडीदेखि नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन र झापाको आरआलीमा १८ हजार ९ सय किलोमिटर क्षमताको स्मार्ग ग्रिनफिल्ड टर्मिनल भारत सरकारको अनुदानमा निर्माण हुने भएको छ । यस्तै, अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६२ किमी लामो पेट्रोलियम पाइपलाइन परियोजना पनि भारत सरकारको अनुदानमा निर्माण हुने जनाइएको छ । लोथरमा ९१ हजार नौ सय किलोलिटर क्षमताको स्मार्ट ग्रिनफिल्ड टर्मिनल भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमले निर्माण गर्नेछ। ती आयोजनाको कुल लागत १५ अर्ब बराबर रहेको निगमले जनाएको छ । दोस्रो चरणको पेट्रोलियम पाइपलाइन बनाउनका लागि नेपाल र भारत सरकारबीच गत वर्ष तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणमा सम्झौता भएको थियो ।

यसअघि नेपाल र भारतबीच अन्तर देशीय पहिलो पेट्रोलियम पाइपलाइन मोतिहारी-अमलेखगञ्जको ६९.१ किलोमिटर पाइपलाइन २०७६ मा भदौदेखि सञ्चालनमा छ ।

# कृषकका उत्पादनको सरकारले बजारीकरण गर्छ : मन्त्री भण्डारी

**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कृषकले उत्पादन गरेका वस्तुको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरिद गरेर सरकारले बजारीकरण गर्ने बताएका छन् ।

'ह्याण्डीक्राफ्ट, मेड इन नेपाल, मेक इन नेपाल' भन्ने मूल नारा का साथ भृकुटीमण्डपमा बिहिबारदेखि सुरु भएको हस्तकलाका सामग्रीको प्रवर्द्धन गर्ने उदेश्यले आयोजित तीन दिने हिमालयन इन्टरनेशनल एक्स्पोको उदघाटन समारोहमा उनले नेपाली कृषकले उत्पादन गरेका हरेक वस्तुको बजारीकरणका लागि वाणिज्य मन्त्रालयबाट छिट्टै कार्यविधि बनाएर खरिद प्रक्रिया थालिने बताए । केही समययता जुम्लालगायतका जिल्लामा स्याउको बिक्री नभएर बोटमै




सड्न थालेको भनेर हल्ला फिजाइएपछि सरकारले त्यसको बजारीकरण गर्न चाँसो देखाउँदा त्यहाँका स्याउका बोट नै पहिल्यै व्यापारीले ठेक्कामा किनिसकेको जानकारी प्राप्त भएको मन्त्री भण्डारीले बताए ।

'सरकारले कृषकलाई प्रोत्साहित गर्न उनीहरुले उत्पादन गरेका खाद्य पदार्थ तथा वस्तुको बजारीकरण गर्ने तयारी गरिरहेको छ, अहिले पनि कर्णालीको सिमी र मार्सी चामललगायत वस्तु खरिद गरेर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बजारीकरण गरिरहेको छ, अब कम्पनीले हिमाली तथा पहाडी जिल्लाका किसानलाई प्रोत्साहित गर्न अन्यत्र बिक्री हुन नसकेका वस्तु खरिद गर्नेछ', उनले भने । यस्तै मन्त्री भण्डारीले नेपाली उत्पादनको निर्यात वृद्धि गरी आर्थिक समृद्धिको दिशातर्फ अगाडि लैजान प्रदर्शनीले महत्वपूर्ण भुमिका खेल्ने बताए ।

# पर्यटकको पर्खाइमा सौराहाका होटल व्यवसायी

**चितवन/मस-** सौराहास्थित राप्ती नदीको किनारमा रहेका शुक्रबार र शनिबार आएको वर्षाले पाँच फिट बढी गहिरो खाल्टो बनाएको थियो । सौराहा अझै पनि बाढीले बनाएको खाल्डो पुरेर मिलाउने काम भइरहेको छ । रेष्टुरेन्टका सञ्चालक दीपेन्द्र खतिवडाका अनुसार बाढीले एक मान्छे गहिरो खाल्टो बनाएको थियो । उनले भने 'अब करिब पूर्ववत: अवस्थामा आयो, शुक्रबारबाट रेष्टुरेन्ट सञ्चालनमा ल्याउन सकिन्छ ।' हरेक वर्ष नदी तटीय क्षेत्रमा बाढी आउने भए पनि यस वर्ष अलि बढी क्षति भएको छ। सौरहामा १५ रेष्टुरेन्ट बाढीले असर पुऱ्याएको छ। रेष्टुरेन्ट सञ्चालकको छाता संस्था क्षेत्रीय रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) का अध्यक्ष ध्रुव गिरी भने 'अधिकांश क्षति पुगेका रेष्टुरेन्ट मर्मत र सरसफाइ गरेर सञ्चालनमा आउन थालेका



छन्। बाढीपछि अब हामी पर्यटकको पर्खाईमा छौं ।'

बालुवा र पाँगो माटोले कतै भरिएको तथा कतै बाढीले खोतलेका ठाउँ र संरचना मर्मत सम्भारको काम अन्तिम चरणमा पुगेको छ । क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष गंगा गिरीका अनुसार राप्ती किनारका केही होटलमा नदीको बाढी पसेको थियो। ठूलो क्षति नभए पनि आंशिक क्षति केही होटलमा पुगेको थियो । होली लज, सपना भिलेज, होटल रिभर साइड लगायतका होटलमा बाढी पसेको थियो । ती होटलको पनि सरसफाइ र मर्मत गरिसकिएको उनले बताए । अध्यक्ष गिरीले भने 'बाढीका कारण अहिले सौराहाका कुनै होटल बन्द छैनन् । गत शुक्रबार र शनिबार परेको अविरल वर्षाले धेरै राजमार्गमा क्षति पुगेपछि त्यसको प्रत्यक्ष प्रभाव यहाँको पर्यटन क्षेत्रमा परेको छ ।' गिरीका अनुसार अहिले सौराहामा बढीमा ५०० पर्यटक छन्। गत वर्ष यही समयमा दैनिक चार हजार बढी पर्यटक हुने गर्दथे। तीमध्ये आधा तेस्रो मुलुकका, ३० प्रतिशत नेपाली र २० प्रतिशत चिनियाँ पर्यटक हुने गरेको उनले जानकारी दिए ।

लामो समय बस्ने पर्यटकलाई भिसा नि:शुल्क गर्न र चितवन राष्ट्रिय निकुञ्ज प्रवेशको टिकट काटेपछि सात दिन हुने व्यवस्था गर्न सकेमा पर्यटकको स्ंया बढ्ने उनी बताउछन् । अहिले हरेक दिन निकुञ्जको टिकट काट्नुपर्ने हुन्छ । टिकटको अवधि बढाएमा सौराहासहित पश्चिम चितवन, माडी र चेपाङ मार्गमा पर्यटकको संख्या बढ्ने उनको भनाइ छ ।संघका पूर्वअध्यक्ष सुमन घिमिरे यस वर्ष बाढी नआउँदा पनि उत्साह नदेखिएको भन्दै बाढी आएपछि थप प्रभावित भएको बताउछन् उनले भने "बाटो बन्द छन्, जहाजको टिकट महँगो छ, त्यो पनि पाइदैन, पर्यटक कसरी आउन सक्नु ?'

संघका महासचिव गुणराज थपलिया यस वर्षको मुख्य यामको सुरुवातीमा पर्यटकको आगमनमा निकै आएको बताउछन् । त्यसका कारण पर्यटनसँग सम्बन्धित क्षेत्र प्रभावित बनेको उनको भनाइ छ । सौराहामा ४५ निजी हात्ती छन्। ठूलो संख्यामा जीप, डुंगा सबै प्रभावित बनेका छन् । सौरहाका १ सय ३८ होटल, १०० हाराहारी रेष्टुरेन्टमा अर्बौको लगानी छ ।

# नेपालमा अवसर खोज्दै कतारका लगानीकर्ता

**काठमाडौं/मस-** श्रमिक गन्तव्यको रुपमा मात्रै नभइ कतारका लगानीकर्ताले नेपालमा लगानीको अवसर पनि खोजिरहेको बताएका छन् । नेपालको सूचना प्रविधि, औषधि उद्योग, बैंक वित्तीय संस्था सम्बद्ध सेवाहरु, जलविद्युत, पर्यटन लगायतका क्षेत्रमा कतारका लगानीकर्ताहरुको रुची देखिएको छ ।' यहाँका लगानीकर्ता नेपालमा लगानीको अवसर खोजिरहेका छन्,' कतार चेम्बर अफ कमर्शका अध्यक्ष खालिफा बिन जसिम बिन मोहमद अल थानीले भने, 'हामी थप लगानीकर्ताहरुलाई पनि प्रोत्साहित गर्नेछौ ।'

नेपाल कतार बिजनेस काउन्सिलको पहिलो अध्यक्षस्तरिय बैठकमा अध्यक्ष थानी र महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकाल एवं प्रतिनिधिमण्डलबीच कतारको राजधानी दोहामा सम्पन्न बैठकमा आर्थिक सम्बन्ध विस्तारका विषयमा छलफल



भएको हो । कतारका अमीर सेख तमीम बिन हमाद अल थानीको गत अप्रिल २३ र २४ मा सम्पन्न नेपाल भ्रमणका क्रममा महासंघ र कतार चेम्बरबीच बिजनेस काउन्सिल स्थापना गर्ने सहमतिमा हस्ताक्षर भएको थियो। काउन्सिलको यस पहिलो अध्यक्षस्तरिय बैठकमा अध्यक्ष ढकाल र कतार चेम्बर अध्यक्ष थानीले आ-आफ्नो नेतृत्वमा सदस्य नियुक्त गरी काउन्सिललाई छिट्टै पूर्णता दिने सहमति पनि भएको छ । त्यसलगत्तै नेपालमा कतार नेपाल बिजनेस सम्मेलन आयोजना गर्ने प्रस्ताव अध्यक्ष ढकालले राखे । आगामी वर्ष उक्त कार्यक्रम आयोजना गर्ने सहमति पनि बैठकमा भयो। बैठकमा अध्यक्ष ढकालले नेपालमा बाह्य क्षेत्र स्थायित्व रहेको र कानुनहरुमा गरिएको सुधारले लगानीको अवसर जुट्दै गएको बताए ।

साथै उनले कतारका लगानीकर्ताहरुलाई नेपालमा जलविद्युत, पर्यटन, सूचना प्रविधि, सीप विकासलगायतका क्षेत्रमा पर्याप्त सम्भावना रहेकाले लगानीका लागि आह्वान गरे । यसैगरी कतार सरकारले आयोजना गरेको एसियन कोअपरेसन डायलगमा नेपालको निजी क्षेत्रको प्रतिनिधित्व गर्दै अध्यक्ष ढकालले सहभागिता पनि जनाए ।


# हुन्डाई भेन्यूको नेपालमा बिक्री वितरण शुरू




**काठमाडौं/मस-** हुन्डाईको नयाँ गाडी हुन्डाई भेन्यूको नेपालमा बिक्री वितरण सुरू भएको छ । नेपालका लागि हुन्डाई गाडीको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलको भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेशनले नेपालमा हुन्डाई भेन्यूको उत्पादन गरेको हो । नेपालमा व्यावसायिक उत्पादन गरिएको हुन्डाई भेन्यू गाडीमा नयाँ योजना ल्याइएको छ ।

नयाँ योजना अनुसार हुन्डाई भेन्यू खरीद गर्दा ६.९९ प्रतिशत फाइनान्सिङको व्यवस्था गरिएको कम्पनीले जनाएको छ । त्यस्तै, १० वर्षसम्म नि:शुल्क सर्भिसिङ र तीन वर्षको वारेन्टी उपलब्ध रहेको कम्पनीले जनाएको छ । लक्ष्मी ग्रुपको लगानी र हुन्डाई मोटर कम्पनीसँगको प्राविधिक सहकार्यमा लक्ष्मी मोटर कर्पोरेशन स्थापना गरिएको हो। कर्पोरेशनले पहिलो पटक नेपालमा हुन्डाई भेन्यूको उत्पादन थालेको हो । नेपालमा उत्पादन हुने गाडी कोरिया र भारतमा उत्पादित मोडल सरहकै हुने कम्पनीले जनाएको छ। हाल हुन्डाई भेन्यू १.२ (एस) को मूल्य ४४ लाख ९६ हजार तोकिएको छ । त्यस्तै, हुन्डाई भेन्यू १.२ (एसएक्स)को मूल्य ५३ लाख ५६ हजार रुपैयाँ छ ।

# वुलिङ विङगो ईभीले ल्यायो गाडी एक्सचेन्ज योजना




**काठमाडौं/मस-** वुलिङ बिङ्गो ईभीले दशैंको अवसरमा विद्युतीय सवारीसाधन खरिद गर्न चाहने ग्राहकहरूका लागि गाडी एक्सचेन्ज योजना ल्याएको छ। यो योजना अक्टोबर १ गतेदेखि ६ सम्म लागू हुनेछ । जुनसुकै कम्पनीको गाडीमा पनि एक्सचेन्जको सुविधा भएको कम्पनीले जनाएको छ । वुलिङ बिङ्गो इभी २९.९९ लाख रुपैयाँमा उपलब्ध छ ।

विलिङ विङगो ईभीमा ८ वर्ष वा १ लाख २० हजार किलोमिटर वारेन्टी ब्याट्रीमा दिइएको छ । त्यस्तै हाइ भोल्टेज कम्पोनेन्ट र मोटरमा ३ वर्ष वा १ लाख किलोमिटर वारेन्टी उपलब्ध गराइएको पारामाउन्ट मोटर्सले जनाएको छ । विङगो ईभीमा उपभोक्ताले ३ वर्षसम्म फ्री सर्भिस पाउने छन् । जीबीटी चार्जिङ सिस्टम रहेको विङगो ईभीले एक पटकको फुल चार्जमा ३ सय ३३ किलोमिटर रेन्ज दिनेछ । वुलिङ बिङ्गो ईभी अत्याधुनिक प्रविधिले सुसज्जित छ। पारामाउन्ट मोटर्स वुलिङ बिङ्गोको नेपालका लागि आधिकारिक बिक्रेता र आयातकर्ता हो । भाग्यशाली ग्राहकले फाइभ स्टार होटलमा डिनर गर्ने मौका पनि पाउने कम्पनीले जनाएको छ। थप जानकारीका लागि नक्सालमा रहेको वुलिङ बिङ्गा शोरुमा आउन कम्पनीले आग्रह गरेको छ ।

# हिमालयन एभरेष्ट इन्स्योरेन्सको सीईओमा अञ्जु श्रेष्ठ नियुक्त

**काठमाडौं/मस-** हिमालयन एभरेष्ट इन्स्योरेन्सले प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा अञ्जु श्रेष्ठलाई नियुक्त गरेको छ।

कम्पनीको भदौ २७ गते बसेको सञ्चालक समितिको बैठकले श्रेष्ठलाई सीईओ नियुक्त गर्ने निर्णय गरेको हो । साविक हिमालयन जनरल इन्स्योरेन्सबाट निर्जीवन बीमा व्यवसायमा



करिअर सुरु गरेकी श्रेष्ठसँग पुनर्बीमा सम्झौता र पुनर्बीमा दाबीको क्षेत्रमा लामो अनुभव छ । कम्पनीमा गत असार १३ गते विजयबहादुर शाहले छोडेपछि श्रेष्ठ निमित्त सीईओको रुपमा काम गर्दै आइरहेकी थिइन । उनलाई ४ वर्षका लागि सीईओ पदमा नियुक्त गरिएको हिमालयन एभरेष्ट इन्स्योरेन्सले जनाएको छ।

# टेक्नोले ल्यायो स्पार्क ३० सी

**काठमाडौं/मस-** नेपाली बजारमा टेक्नोले आफ्नो नयाँ फोन स्पार्क ३० सी सार्वजनिक गरेको छ। विशेष गरी जेन जी, कलेज विद्यार्थी, र ट्रेन्डसेटर हरूको लागि डिजाइन गरिएको यस फोनमा आकर्षक डिजाइन, उच्च कार्यक्षमता, र अत्याधुनिक प्रविधिको संयोजन रहेको छ । स्पार्क ३० सी को सुरुवाती मूल्य रु १६,४९० (६+१२८ जीबी भेरियन्ट) र ८+२५६ जीबी भेरियन्टको मूल्य रु १९,९९० राखिएको छ ।

साथै थप आकर्षण यसको १२ प्लस १ महिनाको वारेन्टीमा १०० दिन सम्म फोन रिप्लेसमेन्टको




ग्यारेन्टी समेत रहेको छ ।

टेक्नो नेपालका नेशनल पार्टनर सन्तोष भण्डारीले भने, 'स्पार्क ३० सीले हाम्रो नवीनता र स्टाइललाई नयाँ उचाइमा पुऱ्याएको छ । यो फोनले युवाहरूको जीवनशैलीसँग मेल खाने विशेषताहरूको संयोजन गरेको छ, जसले उनीहरूलाई भीडमा फरक पहिचान दिलाउँछ।' टेक्नो मोबाइल इन्डियाका सीईओ अरिजित तलपात्राले भने, 'टेक्नोले सधैं आफ्ना ग्राहकलाई नवीनतम प्रविधि र सहज पहुँचयोग्य उत्पादनहरू उपलब्ध गराउने लक्ष्य राखेको छ ।'




प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ